# अध्याय-एक

# परिचय

## १.१ पृष्ठभूमि

शिक्षाको सामान्य अर्थ ज्ञान प्राप्त गर्नु हो । मानिसका ज्ञान प्राप्त गर्ने वा शिक्षा प्राप्त गर्ने प्रक्रिया "कोर्कोबाट सुरु भई चिहानमा अन्त्य हुन्छ" (अरस्तु)

शिक्षा मानव विकासका लागि आवश्यक तत्व हो । शिक्षा विना मानबीच विकास पूर्ण रुपमा सफल हुन सक्दैन । तसर्थ मानव जिवनको सार्थकता नै शिक्षा हो । शिक्षालाई चितनाको संवाहक, सक्षम मानवीय संसाधन निर्माणको प्रमुख आधार तथा आर्थिक, सांस्कृतिक क्रान्तिको मेरुदण्ड नै मानिन्छ । शिक्षा प्राप्त गर्नु मानिसको नैसर्गिक अधिकार हो । शिक्षाको महत्व व्यक्ति र समूह र देशको लागि उत्तिकै आवश्यक हुन्छ । प्राचिनकालमा मानिसहरु एउटा झुण्डमा बस्थे । त्यतिबेला महिला पुरुष केवल लिङ्गका विकास भइसकेको थिएन । मानशास्त्री मोर्गनका अनुसार त्यसबेलाको समाज मातृसत्तामा आधारिकत थियो । पछिल्लो समयमा यसमा व्यापक परिवर्तन आयो । त्यसबेला उत्पादनका कार्यमा या स्रोतको उपयोग गर्ने सवालमा महिलाहरुको भूमिका पनि उल्लेखनिय रहेकाले यस समाजमा लैङ्गिक विभेद तुलनात्मक रुपमा कम भएको तथ्य समाजशास्त्री/मानवशाीत्रीहरु बताउँछन् । (आचार्य, २०६७)

मानिसहरुमा चेतनाको बृद्धि हुँदै जान थाल्यो । मानिसका इच्छाहरु असिमित बन्दै गए । मानिसले त्यतिमा मात्र जिवन गुजारा गर्न सम्भय देखेनन् । फलस्वरुप उनीहरु औद्योगिक समाज तर्फ उन्मुख हुन पुग्यो । विभिन्न देशहरुमा औद्योगिक क्रान्तिको सुत्रपात हुन पुग्यो । जसले गर्दा शिक्षामा पनि व्यापक परिवर्तन खोजन थालियो । प्राचिनकालमा गुरुकुल शिक्षा, मध्ययुगमा शिक्षालाई धार्मिक ग्रन्थहरुबाट शिक्षा क्षेत्र बढी प्रभावित हुन पुग्यो । बेद, गीता, रामायण, बाइबल कुरान जस्ता धार्मिक ग्रन्थहरुबाट शिक्षा लिने गरिन्थ्यो । फ्रान्सेली राज्यक्रान्ति र औद्योगिक क्रान्तिले गर्दा शिक्षामा पनि नयाँ नयाँ चिन्तनहरुको विकास भयो । शिक्षाको उत्पती ग्रिसबाट सुरु भएको पाइन्छ । पाश्चात्य प्राचिन कालको शिक्षा इश्वर, शक्ति, अस्तित्व मानव ज्ञानको स्वभाव र असल जिवनका लागि समाजशास्त्र गणित र विज्ञान जस्ता विषयहरुको सामान्य शिक्षा लिने गरेको पाइन्छ । (सिंह, २०६५)

सामाजिक लिङ्ग र शिक्षाका बारमो अध्ययन गर्दा महिलाहरु घरभित्रको कार्यमा संलग्न हुँदै आएकोमा उनीहरुलाई उच्च शिक्षाको आवश्यकता पर्दैन वा छैन भन्ने धारणा हाम्रो समाजमा पाइन्छ । त्यस्तै कतै धर्मको नाममा महिला शिक्षा सहज छैन । महिलाहरुको शिक्षाको सम्वन्धलाई हेर्दा विद्यालय शिक्षा लिने निरक्षर प्राविधिक विषय नभई मानविकी संकाय अन्तर्गतका विषयहरु लिने, शिक्षा विषय लिएर पढ्ने प्रवृति देखिन्छ । विश्वव्यापी रुपमा महिला शिक्षाको अवस्था पुरुषहरुको भन्दा न्यून छ, धर्म, जात, परमपरा आदिको नाममा महिला शिक्षाको आवश्यकता नठानिएको हुनाले नै शिक्षा क्षेत्रमा महिलाहरुको पहुँच न्यून छ । समाजमा छोरा र छोरीको क्रमशः उच्च र न्यून स्थान रहेको कारणले गर्दा पनि असमान किसिमको शिक्षाको अवस्था देख्न सकिन्छ । रोजगारीका क्षेत्रमा पनि लैङ्गिक विभेदको अवस्था देख्न सकिन्छ । सरकारी क्षेत्रबाट शिक्षालाई प्राथमिकतामा राख्नु पर्दछ भन्ने मान्यता छ । त्यसैले समाजमा जागरण र चेतनाको लहर क्रमिक रुपमा बढीरहेको देख्न सकिन्छ । जसले गर्दा महिला महिला तथा पुरुष दुवैको शिक्षाको आवश्यकता समाजमा बढेको छ । शिक्षा महंगो हुँदै जानाले समाजमा गरिब एवम् पिछडिएका वर्ग तथा समुदायमा शिक्षाको विकास र निरन्तरताको लागि गम्भिर प्रश्नहरु उब्जिएका छन् । (लैङ्गिक र महिलावादी अध्ययन २०६८)

नेपालको साक्षरता दरलाई हेर्ने हो वि.सं. २०४८ सालमा पुरुषको साक्षरता दर ५४.५ प्रतिशत र महिलाको साक्षरता दर २५ प्रतिशत थियो भने वि.सं. २०६८ सालमा पुरुषको साक्षरता दर ६५.६ प्रतिशत र महिलाको ४२.८ पुगेको पाइन्छ । (२०६८ जनगणना तथ्याङ्क)

यसरी समाजमा हुने गरेका लैङ्गिक, आर्थिक, जातिगत विभेदमा महिला नै पिछडिएका छन् । जहाँ विभिन्न निती भएका पनि यसको पूर्णरुपमा उपयोगिता भएको छैन । वर्तमान समयमा महिलाहरुको निमित्त धेरै अवसरहरु दिन सम्पूर्ण महिलाले यो अवसर पाएका छैनन् ।

## १.२ समस्याको कथन

शिक्षा प्राप्त गर्न पाउनु सबै बालबालिकको नैसर्गिक अधिकार भएकाले प्राथमिक तहसम्मको शिक्षा सबै बालबालिकालाई अनिवार्य रुपमा दिलाउनु राज्यको दायित्व हो । आजको विज्ञान

र प्रविधिको युगमा शिक्षा प्राप्त गर्नु हरेक नागरिकको नैसर्गिक अधिकार भित्र पर्दछ । शिक्षा, सामाजिक, आर्थिक, सांस्कृतिक र धार्मिक विकासको महत्वपूर्ण सुचक हो ।

नेपालमा महिला साक्षरता दरलाई हेर्ने हो भने अझै पनि पुरुषको दाँजोमा न्यून नै छ । २०६८ सालको तथ्याङ्कमा पनि पुरुषको साक्षरता दर ५४.५ प्रतिशत र महिलाको ४२.८ प्रतिशत देखिन्छ । अझै पनि लैङ्गिक विभेदका कारण महिलालाई उच्च शिक्षा हाँसिल गर्न विभन्नि बाधा र अप्ठ्याराहरु देखिन्छन् । महिला अर्काको घर जाने जात, घरको कामकाजमा महिलाले बढी ध्यान दिनुपर्ने, महिलालाई एउटा निश्चित सिमाभित्र विभिन्न धर्म चालचलन, रितिरिवाज भाग्य आदि पक्षहरुको माध्यमबाट महिलाको शोषण गरिने हुँदा स्वयम् महिलालाई पनि आफु शोषण भएको पहिचान हुँदैन । सामाजिक, आर्थिक, राजनैतिक लगायतका अन्य क्षेत्रहरुमा पुरुष केन्द्रिय स्तरमा रहेका छन् भने महिलालाई सन्तान जन्माउने परिवारको रेखदेख गर्ने र अनय घरको काममा व्यवस्त हुनुपर्ने पुरुषको अधिनमा रहन वाध्य छन् । परम्परादायि विद्धानहरुले महिलालाई बच्चा हेर्ने र श्रीमती बन्नु महिलाहरुको मुख्य कार्य हो भन्ने कुरा अगाडी सारेका छन् । एरिष्टोटलले-"पुरुषलाई सक्रिय र महिलालाई निश्क्रिय रुपमा व्याख्या गरेका छन् । यसरी नेपालको शहरी क्षेत्रमा महिलाले अझै पनि शिक्षाको अवसर पूर्ण रुपमा प्राप्त गर्न सकिरहेका छैनन् । यसैलाई आधार मानी कास्की जिल्ला पोखरा लेखनाथ म.न.पा. भित्र रहेका प्लस टु र क्याम्पस स्तरमा अध्ययनरत छात्राहरुले छात्रहरुको तुलनामा परिवार, शैक्षिक संस्थामा लैङ्गिक विभेदमा देखिएको अनुभव यस शोधपत्रमा प्रस्तुत गरिएको छ ।

यस प्रस्तावित अनुसन्धानमा निम्न अनुसारका अनुसन्धानात्मक विषय प्रस्तुत गिरएका छन् । परिवार भित्र छोराछोरी बीचको समानता र असमानताको अनुभव, घर बाहिर जाँदा पूर्व अनुमति लिनु पर्दा बिचको अनुभव, पारिवारिक निर्णय प्रक्रियामा विद्यार्थीको कस्तो अनुभव गरेका छन् परिवारको आर्थिक अवस्था कस्तो छ ? (१) छात्राहरुले अध्ययन गर्ने विषयको छनोट के कसरी गरेका छन् ? (२) समाजले छात्राहमरुको शैक्षिक योग्यतालाई कसरी हेरेका छन् ? (३) समाजको सदस्यहरुले सामाजिक गतिविधिमा छात्राहरुको उपस्थितिलाई कुन रुपमा लिएका छन् ? माथि उल्लेखि प्रश्नहरुलाई शोधपत्रमा समेटिएका छन् ।

## १.३. अध्ययनको उद्देश्य

### अध्ययनको सामान्य उद्देश्य

परिवार र शैक्षिक संस्थामा लैङ्गिक विभेदलाई छात्राहरुले गरेको अनुवभलाई अध्ययन गरिएको छ ।

यस अनुसन्धान कार्यको विशष्ट उद्देश्य निम्नानुसार छन् ।

- छात्रा शिक्षामा पारिवारिक शैक्षिक र लैङ्गिक अवस्थाको अध्ययन गर्नु ।
- परिवारमा छोराछोरी बिच अभिभावकले गर्ने समान र असमान अवस्थाको खोजी गर्नु ।
- छात्राहरुले अध्ययन गर्ने विषयको छनोट कसरी गरेका छन् र उनीहरुको शैक्षिक योग्यता प्रति समाजले हेरेको दृष्टिकोणलाई व्याख्या गर्नु ।

## १.४ अध्ययनको महत्व

आज विश्वका विभिन्न समाजहरु आधुनिकीकरणको दिशातर्फ द्रुत गतिमा परिवर्तन भइरहेको छन् । परिवर्तनका कारण तत्वहरु धेरै हुन सक्दछन् । जस्तै औद्योगिकरण, शहरीकरण शिक्षाको प्रचारप्रसार, पाश्यात्य सांस्कृतिक विचारको प्रभाव, सञ्चार माध्यमको बढ्दो प्रभाव, राज्यको कार्यक्षेत्रको विस्तार, विश्वमा चलेको महिला अन्योलन र महिलाको आर्थिक स्वतन्त्रता आदि जसता पक्षको विकास भएको छ । यस अध्ययनमा पनि विशेषत छात्राहरुको लैङ्गिक विभेदको अनुभवलाई समेटिएको जस अन्तर्गत परिवारको सदस्यहरुले छोराछोरीलाई गर्ने समानता र असमानतालाई छात्राहरुको अनुवभमा अध्ययन गरिएको छ भने सुमाजमा विद्यालयमा हुने गतिविधिमा छात्राहरुको सदस्यहरुले हेर्ने दृष्टिकोणलाई पनि यस शोधपत्रमा अध्ययन गरिएको छ भने छात्राहरु पढ्ने विषयको छनौटमा कसको सहयोग छ, परिवारको निर्णय प्रक्रियामा महिलाको जस्ता विषय यस अध्ययनमा महत्व राखेको छ । त्यसैले यस अध्ययन छात्राहरुको परिवार र शैक्षिक संस्थामा लैङ्गिक विभेदको अनुभवलाई पुष्टि गर्न अध्ययन क्षेत्र जसमा प्लस टु र क्याम्पस स्तरका छात्राहरुलाई सुचना प्राप्त गर्न सहयोग हुनेछ ।

## १.५ अध्ययनको सीमा

कुनै पनि अध्ययन अनुसन्धानका आफ्नै सिमा र परिधि रहेका हुन्छन् । यो मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत दोस्रो वर्षको समाजशास्त्र विषयको शोधपत्र लेखनको आवश्यकता परिपूर्तिका लागि तयार गरिएको एउटा प्राज्ञिक अध्ययन हो । यस अध्ययनले पोखरा लेखनाथ उपत्यका भित्रका माध्यमिक विद्यालय र क्याम्पसका छात्राहरुमा परिवारमा र शैक्षिक संस्थामा महिला र पुरुषलाई लिङ्गका आधारमा गरिदै आएको लैङ्गिक अनुभव के छ सोहि विषय अन्तर्गत यो अध्ययन केन्द्रीत रहेको छ । त्यसैगरी यस अध्ययनले सिमित स्रोत साधन र समयले गर्दा सम्पूर्ण छात्राहरुको समग्रताको प्रतिनिधि गर्न सक्दैन । यस अध्ययनलाई सम्पूर्ण माध्यमिक विद्यालय र क्याम्पसका सन्दर्भमा सामन्यीकरण गर्न नसकिन सक्छ ।

## १.६ अध्ययनको संगठन

यस शोधपत्रलाई छ अध्यायमा विभाजन गरिएको छ । पहिले अध्यायमा परिचय मुल शीर्षक अन्गार्तत सामान्य पृष्ठभूमी, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व, अध्ययनको सीमा, अध्ययनको संगठन शीर्षकलाई समावेश गरिएको छ । दोस्रो अध्यायमा पुर्व साहित्यको समिक्षा राखिएको छ । जस अन्तर्गत अध्ययनसँग सम्वन्धित साहित्यिक पुनरावलोकन, सैद्धान्तिक समिक्षा, पूर्व अध्ययनको समिक्षा अन्तर्गत अन्य उपशिक्षकहरुको चर्चा गरिुएको छ  र अन्त्यमा अवधारणात्मक खाका राखिएको छ । अध्याय तीनमा यस अध्ययनको अनुसन्धान पद्धतिलाई समेटिएको छ । ज स अन्तर्गत अध्ययनका क्रममा छनोट गरिएको स्थानको औचित्य, अनुसन्धानको ढाँचा, सुचनाको प्रकृति र स्रोत, समग्रता तथाा नमुना छनोट, अन्तरवार्ता अनुसुची, मुख्य सुचनादातासँगको अन्तरवार्ता र संकलित तथ्याङ्कहरुको प्रस्तुतीकरण र विश्लेषण शीर्षकहरु समावेश गरिएको छ ।

अध्याय चारमा तथ्याङ्को प्रस्तुतीकरण र विश्लेषण अन्तर्गत अध्ययन क्षेत्रको जनसांख्यिक अवस्था छात्राहरुको अनुवभ गरेका लैङ्गिक विभेद र शैक्षिक संस्थामा विषय छनोटको अवस्था, सामाजिक र शैक्षिक संस्थाका गतिविधिमा छात्राहको उपस्थितिको अवस्था, पारिवारमा अभिभावकले गर्ने छोराछोरी बीच समानता र असमानताको अवस्थाको अनुभव समावेश गरिएको छ । अवध्याय पाँचमा छात्राहरुले परिवार समाज र शैक्षिक संस्थामा

लैङ्गिक विभेदको अनुभव संकायमा महिला र पुरुषको उपस्थिती नारीलाई शिक्षा प्रतिको धारणा समावेश गरिएको छ र अन्त्यमा अध्याय छ मा सारांश र निष्कर्षलाई समेटिएको छ ।

# अध्याय : दुई

# साहित्यिक पुनरावलोकन

## २.१. महिला शिक्षामा लैङ्गिक अवधारणा

जैविक दृष्टिकोणको आधारमा महिला र पुरुषको कार्य विभाजन भउको हुन्छ । जसले गर्दा लिङ्गका आधारमा महिला पुरुषको लैङ्गिक स्तरीकरण, सम्पत्ती, प्रतिष्ठा, शक्तिको असमान वितरणका आधारमा हुने गर्दछ । प्राकृतिक रूपमा रहेको विभेदलाई आधार मानेर महिलालाई सामाजिक रूपमा विभेद गरिएको छ । यसै कारण हरेक क्षेत्रमा महिला पछाडी परेका छन् । यस्ता खाले समस्या समाधान गर्नका निम्ती र महिलाको स्तर वृद्धीका लागि समाजले अवसर दिएर मात्र पनि नपुग्ने देखिन्छ । त्यसको लागि समाज अवसरको आरक्षण कोटाको आवश्यकता पनि देखिन्छ । महिलालाई महिलाभित्र प्रतिस्पर्धा गराउनु पर्दछ । महिला पछाडी पर्नुमा शिक्षालाई लिन सक्छौ भने शिक्षामा भनी हुनुमा सामाजिक आर्थिक र लैङ्गिक कारण नै रहेको हुन्छ । त्यसकारण महिलाको सार विकास नगर्दा सम्म पूर्णरूपमा सामाजिक विकास हुन सक्दैन । महिला समस्याको पाटो हुनाले महिला शिक्षा नै भए परिवार पूर्ण रूपमा शिक्षित हुन्छ भने महिलाहरू अशिक्षित भए परिवार र समाज पुणृ रूपमा अशिक्षित हुन्छ (आचार्य : २०६०) ।

### २.१.१ महिलावादी अवधारणा

प्रत्येक समाजमा लैङ्गिक असमानताको कारण परिणाम तथा यसको मात्र समाज किसिमको हुँदैन त्यसैलाइ पृभाव पार्ने पक्षहरूमा जसरी सामाजिक, सांस्कृतिक, आर्थिक र शैक्षिक पक्ष जिम्मेवार रहेको हुन्छ । त्यसैगरी सामाजिक व्यवस्था अर्थ व्यवस्था राजनीतिक पक्ष र शिक्षा जस्तो पक्षले पनि लैङ्गिक सम्बन्धमा प्रभाव पर्न सक्छ (आचार्य : २०६२) ।

### २.१.२ उदार महिलावाद

उदार महिलावादहरूले महिलालाई स्वतन्त्रता उपलब्ध र समान अवसरहरू प्रदान गर्नु सकिएमा महिला प्रतिका गलत मान्यता र सामाजिकीकरणको प्रक्रियाबाट समाजलाइ मुक्ति दिलाउन किन्छ । यसरी महिला विकासको अवस्था, सफल हुन सक्छ भन्ने व्यवस्था र

विश्लेषण गर्दछ । यसैगरी उदार महिलावादीहरू महिलालाई प्रजनन् अधिकारका सवालमा स्वतन्त्र अधिकार हुन पर्नेमा जोड दिन्छन् । जबकी आफ्नो शरिरको प्रयोग गर्ने सम्बन्धमा पनि पुरुषको नियन्त्रणमा रहनुलाई उनिहरूले निकै नकारात्मक रूपमा लिएका हुन्छ (रिटजर : १९९६) ।

### २.१.३ मार्क्सवादी महिलावाद

मार्क्स र एन्जेल्सका अनुसार महिला स्वतन्त्रताको प्रक्रियाहरू १९ औं शताब्दीको पूँजिवादी समाजसँगै विकास भएको हो । ज्यालाकारी मजदुरको विकासले गर्दा कामदान

### २.१.४ समाजवादी महिलावाद

यस समाजवादी महिलावाद सम्प्रदाले समाजमा रहेका सबे प्कारका अन्यायको खारेजीलाई जोड दिन्छ । जसमा बुजेका परिवारको पुनसंरचना गरी घरायसी कासताबाट महिलाको भुमिकालाई निकै महत्वका साथ उठाइएको छ । यिनीहरूले सबै प्रकारका विभेदको अन्त्यका लागि राज्य नियन्त्रित राजनैतिक अर्थ व्यवस्थाको आवश्यकता ठान्दछन् । तर काममा व्यक्तिगत स्वतन्त्रतलाई पनि त्यतिकै जोड दिएका छन् (रिटजर : १९९६) । समाजवादी महिलावादीहरू महिलाको भुमिकाको व्याख्या गर्दा लिङ्गका आधारमा रहेको श्रम विभाजनको अवस्थाको विश्लेषण साथै सामाजिकीकरण तथा पुनरउत्पादन भूमिका र अवस्थाका बारेमा पनि विश्लेषण गर्ने धारणा राख्दछन् । प्रत्येक समाजमा रहेको यौन व्यवहारमा महिला के कसरी र किन प्रभावित छन् भन्ने व्याख्या र बुझाई पनी महत्वको हुने हुँदा महिलाहरू जो पुरुषबाट बढी सताइन्छन् तयसमा यौन व्यवहार पनि महत्वपूर्ण हुन्छ जसलाई अध्ययनमा जोड दिनु पर्दछ । महिलालाई असमान ज्याला दिएको छ । बढी समय काम गर्दछन् । कमसल र कम उत्पादनशिल काउँमा उनीहरू संलग्न छन् जुन व्याख्या समुदाय सापेक्ष गरिनु आवश्यक छ (रिटजर : १९९६) ।

## २.२ सामाजिक लिङग विकासमा मुद्धाका रूपमा

विश्वमा विकास भएका विभिन्न समयका विभिन्न प्रकृतीका महिला आन्दोलनहरूले महिलाको भुमिका र अवस्थाका विभिन्न पक्षको र व्याख्या विश्लेषण गर्दै समग्तमा महिला पिछडिएका तथा असमानताको अवस्थामा रहन पुगेका निषकर्ष निकालेका सन्दर्भमा र

विकासका लागि अगाडी बढाइएका विभिन्न रणनीतिको परिणम स्वरूप पनि आशातीत सफलता हासिल गर्न नसकिएको सन्दर्भमा सामाजिक लिङ्गलाई विकासको मुद्दाका रूपमा लिइएको छ । समाजमा रहेका विभेदयुद्ध सामाजिक भुमिकाका कारण महिलाहरूको अपमुल्यन गरिएको र विकास प्रकृयामा उनिहरू सामेल हुन नसकेको यस्ता अगाडी सारिएका विकासका रणनीति तथा कार्यक्रम सफल हुन नसकि विश्वभर विकास प्रक्रियामा लागेर अभ्यास पछी पर्न तिनले सफल गरि देखाउन नसकेको धनी र गरिब देशविच विभेद बढेको महिलाको व्यवस्थामा परिवर्तन आउन नसकेको तथा समग्र विकासको लक्ष्य प्राप्त गर्न नसकिएका वास्तविकतालाई स्विकारिएको छ । सन १९५० पछि अगाडी सारिएको आधुनिकीकरणको सिद्धान्त अनुसार पुन : निर्माण औद्योगीक विकास तथा प्रविधि हस्तान्तरणमा बाहृय योजना र आर्थिक एवं प्राविधीक सहयोगका महत्वलाइ जोड दिइएको पाइन्छ (आचार्य : २०६२) ।

### २.२.१ शिक्षा र समाजशास्त्र

शिक्षा समाजशास्त्रको त्यो शाखा हो शिक्षा तथा समाजशास्त्रको सम्बन्धीत रूप हो । शिक्षा समाजशास्त्रले यस कुरालाइ जोड दिन्छ की समाजशास्त्रको उद्देश्य शिक्षाद्धारा प्रापत गर्न सकिन्छ । शिक्षा र समाजशास्त्र एवम् सामाजिक कार्यहरूको अध्ययन गर्दछ । शिषा समाजशास्त्र त्यो विज्ञान हो जुन शिक्षा सम्बन्धी आवश्यकताको प्रकृया हो जुन समुह संस्था र समितिहरूको अध्ययन गराउँदछ “जाज पेनी” लाई शिक्षा समाजशास्त्रका पिता मानीन्छ । उनले आफ्नो पुस्तक “दि प्रिन्सिपल अ उजुकेशन सोसियोलोजी” मा भनेका छन् कि शिक्षाको सामुहिक जिवनमा तथा सामुहीक जिवनमा शिक्षाको प्रभाव रहन्छ । उनले यो पनि भनेका छन् कि व्यक्तिको सर्वाङ्गीण विकासका लागि ऊ माथि आएका सामाजिक शक्रियाहरूको प्रभावको अध्ययन गर्न आवश्यक छ । यिनका अलवा अन्य विद्वानहरू मेकाइवर दुर्खिम क्लाकेले शैक्षीक समाजशास्त्रको विकासमा महत्वपूर्ण योगदान दिएका छन् । “जान डिबी” ले आफ्नो पुस्तक “स्कुल तथा समाज एवम् जनतन्त्र र शिक्षा” मा शिक्षा र समाजशास्त्रको महत्व स्विकार गरेर शिक्षालाई मानविय प्रकृयाको रूपमा मानेका छन् । (जाज पेनी “दि प्रिन्सिपल अफ एजुकेशन सोसियोलोजी)

### २.२.२ लैङ्गिक र आर्थिक

आदिम कालदेखि वर्तमान समयसम्म विकास भउका आर्थिक क्रियाकलापहरूको स्वरूपलाई

नै समाजशास्त्र तथा मानवशास्त्रमा आर्थिक संस्था भन्न सकिन्छ । प्राचिन समाज साधारण र सरल थियो । उत्पादनको क्षेत्रमा आजको जस्तो वैज्ञानिकता थिएन भने न त वितरण र उपभोगमा नै वर्तमान जटिल समाज अनुरूपका क्रियाकलापहरू वर्तमानमा हुने गर्दथे हन्टिङ एण्ड ग्यादरिङ समाजमा मानिसहरूले आफै उत्पादन गरी प्राकृतिक रूपमानै अस्तित्वमा रहेका कन्दमुल बटुल्ने जङगली जनावरको शिकार गरी आफ्नो दैनिक गुजारा चलाउथे । समयको गति सँगै हन्टिङ ग्यादरिङबाट एगृकल्चर प्याटुरलमा परिवर्तन भयो । जहाँ उपभोग, उत्पादन र वितरणको ढाँचामा परिवर्तन आयो जुन खासगरी लैङ्गिक आधारमा विभाजन थियो कृषी समाजमा प्रत्येक कार्यहरू सामुहीक रूपमा गरिन्थ्यो ।

समाजका सदस्यहरूको आर्थिक उद्देश्य पुर्ति गर्नका लागि स्थापीत नियम एवम् कार्यप्रणालीको एक व्यवस्था नै आथिृक संस्था हो आर्थिक संस्थाले समाजमा विभिन्न विषयहरूमा जस्तै विवाह, नातेदारी, परिवार, शिषा, स्वास्थ्य आदिमा के मा के कस्तो प्रभाव पर्दछ भन्ने बारे अध्ययन गर्दछ । जर्मन विद्वान कालमार्क्स भन्छन् । आर्थिक संस्था नै सामाजिक तथा सांस्कृतिक संरचनाको आधार हो । यदि आर्थिक संस्थामा परिवर्तन भयो भने समाज एवम् संस्कृतिमा पनि परिवर्तन हुन्छ । गाँस, वास र कपास जस्ता आधारभुत आवश्यकता प्राप्तिका लागि मानवले बनाउको निशेद आर्थिक व्यवस्था तथा कार्य प्रणालीको नियम नै आर्थिक संस्था हो । आर्थिक संस्थाको बारेमा विभिन्न विद्वानहरूले दिएका परिभाषा निम्न छन् ।

- वग्वर्न एण्ड निमकफका अनुसार “भोजन तथा सम्पतीको सम्बन्धमा मानव कार्यले आर्थिक संस्थाको निर्माण गर्दछौँ”

- जोन्सका अनुसार “जिवन निर्वाह सम्बन्धि आवश्यकता पूर्तिका लागि पर्यावरणको उपयोगसँग सम्बन्धति प्रवृतिहरू विचार तथा प्रथाहरूको सम्पुर्ण योगलाई नै आर्थिक संस्था भनिन्छ ।

### २.३.३ लैङ्गिक र शिक्षा

शिक्षा मानवको अभिन्न अंग हो शिक्षा विना मानव जिवन अपुरो र अत्यन्तै निराशजनक हुन्छ । समाजमा व्यक्ति आफ्नो जीवन जिउनका लागी समाजसँग परिचीत हुनुका लागि

प्रगति र विकास गर्नका लागि शिक्षा अनिवार्य छ । संयुक्त राष्ट्र संघले शिक्षाले मानव विकासका चौतर्फी सम्भावनाहरू खोज्न सक्दछ भन्दछ । विश्व बैंकले शिषा ज्ञानको सिर्जना, ज्ञानको उपभोग र ज्ञानको फैलावटको आधार हो । शिक्षा नै दुनिया जगतको सम्पर्कको आधार हो भनेको छ ।

सामाजिक लिङ्ग र शिक्षाको बारेमा अध्ययन गर्दा महिलाहरू घरभित्रको कार्यमा संलग्न हुँदै आएका उनहिरूलाई अन्य शिक्षाको आवश्यकता पर्दैन वा छेन भन्ने धारणा हाम्रो समाजमा पाइन्छ । विश्वव्यापी समाजमा महिला शिक्षाको अवस्था न्युन छ । धर्म, जात र परम्पराको नाउँमा महिला शिक्षाको आवश्कता नठानि उकाले नै शिक्षा क्षेत्रमा महिलाको पहुँच न्युन छ ।

## २.३ पुर्व साहित्य समिक्षा

हाम्रो समाजको बनोट र आर्थिक अवस्थाको ढाँचा हेर्दा साढे चार दशक अघिसम्म सम्पुर्ण क्रियाकलाप कृषिमुखी थिए । २००७ सालको शान्तिले प्रजातन्त्रको विहानी ल्याएपछी कृषिका अतिरिक्त अन्य क्षेत्रको पनि विकासको तडकारो आवश्यकता अनुभव भयो । यी सबै कुराको मेरुदण्डको रूपमा शिक्षाको विकास देखियो । जनस्तरको चाहाना पनि पहिला चेतना र क्षमताकै वृद्धि गर्ने हुनुपर्दछ भन्ने सरकारी क्षेत्रको अठोट पनी सही क्षेत्रको विकासमा जोड दिनुमा उन्मुख भउको देखिन थाल्यो । शिक्षाको वास्तविक उद्देश्य नै शिक्षा आर्जन गर्ने क्षमताको वृद्धी गर्नु हो (शर्मा : २०५७) ।

बाबुआमाले छोरीको शिक्षा भन्दा छोराको शिक्षालाई बढी ध्यान दिनुहुन्छ किनकी छोरालाई माइती घरको अस्थायी पाहुना भनिएको छ (आचार्य, २०५८) ।

समाजमा महिला र पुरुषलाई हेर्ने हेराई, व्यवहार अन्यायपुर्ण छ । पुरूषको तुलनामा महिलालाई कामको भार बढी हुन्छ । तर पनि यो कामलाई समाजले मुल्य र मान्यता दिदैन । आधा भन्दा बढी जनसंख्या भउका महिलाहरूका पछौटेपनले सन्तुलीत विकासमा बाधा पुग्दछ । याजना तर्जुमा देखी कार्यान्वयन चरणसम्म महिलाको सहभागिता रणनैतिक क्षेत्रमा अवसर आदि समावेशीकरण गर्ने खालका नीति जरूरी छ (शैक्षीक अभियान २०६५) ।

महिलालाई पनि पुरुषको दाँजोमा अगाडी बढाउनुपर्छ भन्ने अवधारणाको विकास वि.सं. १९९० को दशकमा भएको पाइन्छ । यस दशक देखी दुर्गम षेत्रका महिलालाई शिक्षा प्रदान गर्ने प्रयोजनले ५० पतिशत महिला छात्रवृत्ति समेत प्रदान गरिने व्यवस्था गरिएको छ । ग्रामीण स्तरमा विकास शाखा, महिलालाई आय आर्जनका लागी सुक्षम कर्जा खासगरी पिछडीएको ग्रामीण क्षेत्रका विपन्न महिलाहरूमा ग्रामीण महिलाको हित सम्बर्धन उनिहरूका शिक्षा र साक्षरता अभियानका लागि चेतनामुलक कार्यक्रम ग्रामिण स्तरवाट हुने चेलीवेटी वेचविखन र यौन शोषण विरूद्ध अभियान चाल्ने सुरू गरिएको छ (दाहाल पेज १२३) ।

मानिसको सभ्यताको विकासक्रम सँगै शिक्षाको विकास पर्ना जोडीएको छ । मानिसको जिवन सार्थक बनाउन शिक्षा अनिवार्य छ । शिक्षा विना मानिसको जिवन अन्धकारमय हुन्छ । त्यसैले उपयुक्त शिक्षा प्रदान गर्नका लागि शिक्षा लिने र दिने प्रक्रियामा व्यापक सुधार भएको पाइन्छ । विद्यालय विद्‍यार्थीको औपचारिक शिक्षा आर्जन गर्ने स्थल हो । विद्यालय शिषाको प्रमुख उद्देश्य विद्‍याथीहरूवारे ज्ञान, सीप र दक्षतामा अभिवृद्धि गरी व्यवहारीक परिवर्तन ल्याउन हो । शिषा नै ज्ञानको प्रमुख स्रोत भएकाले शिक्षा विना व्यक्तिले आफ्नो दैनिक क्रियाकलाप सु-व्यवस्थित हुन नसक्नुका साथै उसको सर्वाङ्गिण विकास हुन सक्तैन (काफ्ले र अन्य, २०६१) ।

## २.३.१ लैङ्गिक विभेद

लैङ्गिक विभेद बहुरूपी प्रकृतिको सामाजिक रोग हो । जसले सामाजिक रूपमा महिला र पुरुषलाई लिङ्गका आधारमा विभेद गरी कार्य विभाजन गरिरहेको हुन्छ । कुनै पनि सामाजिक समुहको सदस्य भएको खातिर असमान ढङ्गले व्यक्तिको मुल्याङ्कन गरिनुलाई विभेद भनिन्छ । समाजमा, समाज विकासको क्रमदेखि महिला र पुरुषविच विभेद रहँदै आएको छ । तर जब कि व्यक्तिको जन्म स्वतन्त्र अस्तित्व लिएर भएको हुन्छ । सबै मनव प्रजाती स्वतन्त्र र समान अस्तित्व र अधिकारका साथ जानीन्छन् ( ओ बेर्ने, २००५) । व्यक्ति जन्मे पछि समाजले वयक्तिको भुमिका र अस्तित्वको निर्धारण गरिन्छ । स्वतन्त्र व्यक्ति जन्मेपछि समाजका विविध गतिविधीहरूमा संलग्न हुँदै जाँदा महिला र पुरुषको रूपमा चिनारी हुन्छ । समाजका आधारभूत सामाजिक संस्थाहरूले महिला र पुरुषलाई लिङ्गको आधारमा विभिन्न कार्यको विभाजन गरिएका छन् । महिलाहरू व्यक्तिगत

तहमा र संस्थागत् रूपमा लैङ्गिक विभेदको शिकार भएका हुन्छ (साफर : २०३० जो सामाजिक रूपमा नै अति कमजोर छन्, त्यस्ता व्यक्तिहरू अवसारवाट पनि वञ्चित छन् । जसका लागि महिला सम्बन्धी विभिन्न कार्यक्रमहरूको निर्धारण र कानुनको निर्माण भए पनि यस्ता गतिविधिहरू कार्यान्वयन पक्ष छन्, नहुनुले महत्व पाएका छैनन् । कानुनको निर्माण हुनाले मात्र समाजले समाज रूपमा महिला र पुरुष विचको सम्बन्धलाई सामाजिक रूपमा स्वीकार नगरेको पान्इछ । समाजले कानुनलाइ स्वीकार गर्न कार्यान्वयन गर्ने पक्ष सकारात्मक भए मात्र सम्भव हुने देखिन्छ ।

सामाजिक प्रकृति र सामाजिक मुल्य मान्यतले व्यक्तिको जिवनमा सदैव असर गरिरहेको हुन्छ । यिनै मुल्य मान्यताका आधारमा महिला र पुरुष विच युगदेखि लैङ्गिक विभेद रहँदै आएको पाइन्छ । लैङ्गिक विभेद हरेक क्षेत्रमा निहीत रहेको छ । लैङ्िक विभेदलाई सामाजीकीकरण प्रक्रियाले औपचारिक स्वरूप दिइरहेको हुन्छ । जस्तो उदाहरणको रूपमा पुरुषले जिवविज्ञान वा भौतीक विज्ञान र महिलाले गृह विज्ञान पढछन् । यस्तो शैक्षिक स्तरले लैङ्गिक विभेदको साथमा शैक्षिक विभेद पनि गरिरहेको छ । जसले गर्दा लैङ्गिक विभेद शैक्षिक संस्थाहरूमा रहेको प्रस्ट सँग थाहा हुन्छ । लैङ्गिक विभेदपुर्ण शिक्षण सामग्रीका कारण महिला वा केटीहरू विरलै आफ्नो अध्ययनलाई निरन्तरता दिन्छन् । पाठ्यपुस्तकहरू पनि लैङ्गिक टठस्थता प्रति असम्वेदनशील छैनन् । विशिष्ट रूपमा छेको बहुसंख्यक विषयहरू पुरुष वनेस्व स्थापीत गर्ने प्रकृतिका छन् (अधिकारी, २००८) ।

सामाजिक मुल्य र मान्यताहरूले नै महिलालाई पुरूष बराबर शिक्षा लिन उत्प्रेरित गर्दैन, सामाजिक सम्बन्धको सामाजिककिरण प्रक्रियाले महिला माथी महिला विरूद्धको शिक्षा पद्धतिलाई अनुसरण गरेको पाइन्छ। छोरीलाई विहे गरेर दिनुपर्ने मुख्य कारण हो । सम्पत्ती र शिक्षामा गरिने लैङ्गिक विभेद , अभिभावकहरूले छोराको शिक्षालाई ऋण लिने र पछि उनीहरूले नै कमाएर तिर्ने रुचाउँछन् (राओ, २००२), छोरीलाई विहे गरेर दिनुपर्ने र अर्कै परिवारसँग उस्को सम्बन्ध गाँसिने हुँदा अभिभावकहरू छोरीप्रर्ता सम्वेदनशील नभएको देखिन्छ । यही असमान रूपमा वितरण गरिएको शक्ति सम्बन्धको सामाजिकिकरणहरू शैक्षिक विभेदका यस्ता स्वरूपहरू हुन् । जसले महिला र पुरुषको समान शिक्षा र अवसरको वकालत गर्न सक्देन । सधैं लैङ्गिक विभेद सहितको शिक्षाको वकालत गर्दछ । लैङ्गिक विभेद शिक्षा लगायत आर्थिक सामाजिक, राजनीतिक हरेक क्षेत्रमा रहेको पाइन्छ ।

त्यसकारण लैङ्गिक विभेदले सबै खालका सामायिक शक्तिहरूमा महिला र पुरुष व्यवहार निर्धारण गर्ने तर समाज भुमिकालाई वेवस्त ागर्ने प्रकृतिको रहेको छ । विभेद कि त जानी जानी कि त नजानीकनै हुन्छ । सचेत वा असचेत ढंगले व्यक्ति समुह तथा संस्थागत रूपले हुने गर्छ (श्रीस, २०१२) ।

सामाजिक सम्बन्धको विशष प्रकृतिको विभेदले हरेक व्यक्तिको सामाजिक जिवनको पाटोलाई असर गरेको हुन्छ । लैङ्गिक विभेद लिङ्मिय आधारमा गरिने महिला र पुरूष विचको विभेद हो । जहाँ व्यक्ति महिला वा पुरुष भएर जन्मेको आधारमा विभेदको सुरूपात गरिन्छ । जन्मेदेखी नै महिलामाथी भएको विभेदले लैङ्गिक विभेदको प्रमाण दिन्छ (सेन, २००१) ।

सामाजिक संरचनाले जहिले पनि हरेक स्थानमा पुरुषको वर्चस्वलाई स्विकार गर्दछ । महिलाको कुनै पनि योग्यतालाई कदर गरेको हुँदैन । महिलाको शैक्षिक योग्यतालाई समाजले सम्मान जनक रूपमा स्वीकार गर्न सक्दैन र महिलालाई घरेलु कामदारको रूपमा रहन उत्प्रेरित गर्दछ । परिवार भन्दा वाहिर काम गर्ने श्रमीक महिलाले घरेलु कामको चर्को जिम्मेवारी वहन गर्नुपर्ने हुन्छ । यसकारणले गर्दा लैङ्गिक विभेद महिला पुरुषविचको शक्ति संघर्ष हो । महिलालाई बढी भन्दा बढी परिवारीक जिम्मेवारी दिई घरायसी काममा मात्र संलग्न गराइने हुनाले लैङ्गिक विभेदका महत्वपूर्ण भुमिकालाई त्यही बाट पुर्णता दिएको पाइन्छ । जसले गर्दा महिलाहरू घरभित्रका काममा बढी संलग्न भएको, निर्ण प्रक्रियामा उनीहरूको कम पहुँच भएको, बढि समय घरायसी १/१ घण्टा प्रतिदीन कार्यमा अहिलाको संलग्नता भएको शिक्षामा अहिलेको पहँच कम भएको जसता अनेकौ अवस्थालाई हामीले देखिएको पाउछौं (आचार्य एम. एल विनेट १९८२) ।

परिवारको मुल तहबाट नै महिलाहरू सामाजिक तहमा विभेदीत रहँदै आएका छन् । कामको वर्गीकरण देखि समाजको हरेक क्षेत्रमा महिलालाई महिला हुनुको अनुभुती गराउँदै महिलालाई जिम्मेवारी वहन गराइन्छ । र त्यहीबाट विभेदलाई संस्थागत गराइन्छ । महिलालाई कुनै कामको जिम्मेवारी दिनु पुर्व परिवार वा समाजले पहिले महिला हुनुको अनुभुती गराउँदै कामको वर्गीकरण गरिन्छ । कार्यको वर्गिकरण गर्दा समेत बढि नर्सहरू महिला र पुरुषहरू अभियन्ता हुनुले पनि लैङ्गिक विभेदको मानसिक चित्र प्रस्तु गर्दछ (

लिप्स, २००३) समाज विकासको क्रममा महिलाको विकास नभएको हुनाले यस्ता सामाजिक आर्थिक राजनितीक सांस्कृतिक मुद्दाहरूमा महिलाको सहभागीतालाई बढाई साधन स्रोतमा हक बढेमा महिलाको स्तर उन्नती बढ्दै जाने देखिन्छ । महिला सशक्तीकरणको सन्दर्भमा शक्तिकै चर्चा गर्दै साधन स्रोतको बाँडफाँड र सोँचमा परिवर्तन ल्याउनु पक्षलाई बताउँछन् (बाटिवाला, १९९४) ।

## २.३.२ विकासमा महिला

यस अवधारणाको सुरूवात अमेरिकी उदारवादी महिलाहरूले सन् १९७० मा गरेका थिए । जसमा महिलाहरूका समस्याहरूलाई स्थाङ्की रूपमा बढी जोड दिँदै समस्त विकास कार्यमा महिलाको संलग्नतालाई जोड दिइयो । महिलाहरू घरकाबाहिरका काममा सहभागी हुन नसकेको महिलाले गर्दै आएको परम्परागत काममा समाजले हैसियत र मान्यता दिन नसकेको यस अवधारणाको मान्यता रहेको छ । संसारका सम्पुर्ण महिलाहरू विकासको मुल प्रवाहमा ल्याउन नसकेका कारणहरू खोजी नगरी महिला विकासको प्रक्रिया अघि बढ्न नसक्ने धारणा यसमा रहेको पाइन्छ । यस अवधारणाले महिला विकासको लागि कानुनी समानता पहिलो संस्थागत आधार हुने बताउँछ । शिक्षामा हुन् समान पहुँचले पनि घर बाहिरका कार्य गर्न सामथ्य हुन्छन् । समान शिक्षाको अवसरले महिलाहरूको सामाजिक अवस्थामा परिवर्तन आउने यस अवधारणाको मान्यता रहेको छ । यो अवधारणाले महिलाको आर्थिक विकास हुनुले मात्र विकास कार्यहरू सफल हुने बताउँदछ । यसकारण महिलाको सफलताले मात्र अन्य समस्याहरूको हल हुनसक्ने धारणालाई अगाडी सारेको छ । महिलाको हल हुनसक्ने धारणालाई अगाडी सारेको छ । महिलाको आयमा वृद्धि साथै आधारमा आवश्यकता परिपुर्तिमा बढि जोड दिन्छ । यस अवधारणाले महिलालाई बढी जोड दिइएको छ । महिलाहरूको उत्पादन कार्यमा महत्वपुर्ण भुमिका रहेको हुन्छ भन्ने विषयलाई बढि जोड दिएको छ । परम्परागत कार्यहरूबाट महिलाहरू बढि निर्देशित भएको रत्यसबाट बाहिर आउन उत्पादन प्रक्रियामा महिला सहभागिताको आवश्यकतालाई जोड दिन यस मान्यतालाई अघि सारिएको पाइन्छ । यसैलाई आधार बनाई सन् १९७५ मा भएको पहिलो महिला सम्मेलनले सन् १९७५-१९८५ सम्मको समयलाई संयुक्त राष्ट्र संघले महिला दशक घोषणा गऱ्यो । जसले गर्दा नीति निर्माण तहमा महिला सहभागिता तथा महिला केन्द्रीत कार्यक्रमका उठान हुन् अवस्था सृजना हुन सक्यो । यसेको आडमा विकासको योजनामा

महिलाको सहभागिता रहेको साधन स्रोत माथी महिलाको पहुँच बढ्ने र महिला पुरुष वीच रहेको असमानता घट्ने र समतामा आधारित समाजको निर्माण गर्न सकिने तथ्या यस अवधारणाले अगाडी सारेको छ । तर यस अवधारणाले समाजमा महिलाको लिङ्गिमय भुमिकाको आधारमा जोड दिन सकेको छैन ।

## २.३.३ महिला र विकास

महिला र विकासमा महिला अवधारणा भन्दा बढि परिष्कृत धारणा हो । यो अवधारणाको सुरूवात सन् १९७० को अन्त्यतिरबाट भएको हो । यसले विकासका प्रत्येक तह र प्रक्रियामा पुरुष सरह महिलाको समान सहभागिताको वृद्धि भए लैङ्गिक विभेद हट्ने तथ्य माथी जोड दिएको छ । महिला दशकको घोषणा संगै यस अवधारणाले महिला केन्द्रीत विकास भन्दा विकासमा पुरुष सरह महिलाको सहभागिता हुनुपर्ने तथ्यामा जोड दिएको छ । जसले गर्दा विभिन्न नीति तथा कार्यक्रमहरूको विकास भए सामाजिक प्रचलन र मान्यताले व्यक्तिको प्रगति पहिचान र स्वचन्त्रताको लागि वाधक बनेको र यस्ता विभेदपुर्ण मान्यताको अन्त्य हुनुपर्ने विषयमा यस अवधारणाको जोड रहेको छ । यस अवधारणाले विकासमा महिला भन्ने अवधारणालाइ सुधार गरी महिला र विकास अवधारणालाई अगाडी सारेको हो । यसले महिला केन्दति विकास भन्दा विकासमा महिला पुरुष सरह समान सहभागिता माथी बढी जोड दिन्छ । यस धारणाले महिला पछाडी पर्नुमा विश्वव्यापी आर्थिक संरचना बढि जिम्मेवार रहेको बताउँछ । समग्र विकासको प्रक्रियामा महिलाको सवाल महत्वपूर्ण पक्ष हो । जहाँवाट महिला विकासको प्रक्रिया सुरूहुन्छ त्यहीबाट समग्र विकासको लक्ष्य हासिल गर्न सकिन्छ । सामाजिक प्रचलन मान्यता तथा पितृप्रधान दृष्टिकोण र राज्यको संरचना महिला विकासको प्रगति पहिचान र स्वतन्त्रताको लागी बाधन बनेको छ भ्नने मान्यतालाई यसले बढि नै जोड दिएको छ । समग्रमा यस अवधारणाले महिलाका हरेक सवाललाई बुझ्ने र समाधान गर्ने तरिका निर्देशनात्मक वा केन्द्रमुखी नभई प्रभावीत समुदाय वर्ग वा पक्षलाई अघि सारेको छ । यसले विकासका हरेक क्षेत्रमा महिलाको प्रत्यक्ष सहभागिता रहनु पर्ने विषयलाई जोड दिन्छ । यसव अवधारणले विकासका हरेक क्रियाकलापमा महिला पुरुषको समान सहभागिताको विषयलाई जोड दिए पनि उनीहरूविचको लैङ्गिक भुमिका र सम्बन्धलाई जोड दिन सकेको छैन ।

# अध्याय-तीन

## ३.१ अध्ययन क्षेत्रको औचित्य

पोखरा लेखनाथ महानगर पालिका भित्रका प्लस टु र क्याम्पस स्तरमा अध्ययनरत छात्रा हरुको परिवार शैक्षिक स्तरमा लैङ्गिक विभेदको अध्ययनका लागि पोखरा लेखनाथ उपत्यका भित्रका प्लस टु र क्याम्पस स्तरका छात्राहरुलाई छनोट गरिएको छ । जसमध्ये १०५ जना छात्राहरुमा आधारित भई तथ्यङ्क संकलन गरिएको छ । जसमा लेखनाथ उपत्यका भित्रबाट जनप्रकाश उच्च मा.वि. मा अध्ययनरत २०० जना विद्यार्थी मध्ये बाट ३५ जना प्लस टु मा अध्ययनरत छात्रालाई अध्ययनमा समेटीरहेको छ । त्यस्तैगरी पोखरा उपत्यका भित्र पर्ने जसमा जनप्रिय बहुमुखी क्याम्पसमा स्नातक तहमा अध्ययनरत ३ हजार ६४ जना विद्यार्थी मधये ३५ जना छात्रालाइृ अध्ययनमा समेटिएको । यसैगरी स्नातकोत्तर तहमा अध्ययनरत जसमा पृथ्वी नारायण बहुमुखी क्याम्पसमा अध्ययनरत २७ सय ५० जना विद्यार्थी मध्ये ३५ जनालाई छात्राहरुलाई अध्ययनमा समेटिएको छ । विशेष गरी यस अध्ययनमा प्लस टु का ३५ छात्रा स्नातक तहका ३५ जना छात्रा र स्तातकोत्तरमा अध्ययनरत ३५ जना छात्रालाई अध्ययनमा समेटिएको छ । वर्तमान समयको एकाइसौ शताब्दीमा पनि महिलाको शिक्षा, परिवार र समाजका कार्यहरु रहेको कम सहभागितालाई कसरी माथी उकास्न सकिन्छ, शैक्षिक क्षेत्रमा छात्राहरुमा सारमा के परिवर्तन आएको छ , अभिभावकहरुले छोराछोरीमा गर्ने विभेदहरु कस्ता छन् । अध्ययनका कममा विषय छनेटका अनुभवहरु आदि जस्ता विषयलाई मध्यनजर गर्दै र यस्ता खालका अध्ययनहरु पर्याप्त नभएको अवस्थामा यस अध्ययनको उदेश्य प्राप्त गर्ने पोखरा लेखनाथ महानगर उपत्यका भित्रका छात्राहरुलाई छनोट गरिएको हो । साथै मेरो रुचिको विषय भएकाले पनि उक्त विषयको छनौछ गरिएको छ ।

## ३.२ अनुसन्धान ढाँचा

यस अध्ययनको ढाँचा मुख्यतया वर्णनात्मक रुपमा गरिएको छ । प्लस टु र क्याम्पसमा अध्ययनरत छात्राहरुको परिवारीक र शैक्षिक स्तरमा लैङ्गिगक विभेदको विवेचना गर्नु पर्ने हुनाले केही हदसम्म अनुसन्धान ढाँचा ऐतिहासीक र विश्लेषणत्मक पनि लिइने छ ।

अध्ययन क्षेत्रमा छात्राहरुको पारिवारीक निर्णय प्रक्रियामा सहभागिता अभिभावकले छोरा र छोरीमा गर्ने फरक व्यवहार छोरा र छोरी दिइने स्वतन्त्रता अध्ययनका क्रममा विषयको छनोटको अनुभव आदि पक्षको वर्णणत्मक पत्ता लगाउनका लागि विश्लेषणात्मक र ऐतिहाक ढाँचा अपनाइएको छ ।

## ३.३ तथ्याङ्कको प्रकृति र स्रोतहरु

यस अध्ययनको सुचना सङ्कलनका .क्रममा गुणात्मक र परिणत्मक दुवै प्रकृतिका सुचनाहरु संकलन गर्ने कार्य गरिएको छ । यस क्रममा पोखरा लेखनाथ महानगर उपत्यका भित्रको प्लस टु र क्याम्पस स्तरमा अध्ययनरत छात्राहरुको परिवारीक विवरण, परिवारमा समान र असमान अधिकारको स्थिती विद्यार्थी छात्राहरुले अध्ययन गर्ने विषयको छनोट सामाजिक कार्यमा छात्राहरुको संगलग्नता जस्ता पक्षको अध्ययनको लागि गुणात्मक प्रकृतिको सुचना संकलन गरिएको छ ।

### ३.३.१ प्राथमिक सुचना

यस अध्ययनमा अनुसन्धानको उदेश्य अनुसार प्राथमिक सुचना संकलनका लागि प्लस टु र क्याम्पसको सर्वेक्षण गरिएको छ । जसबाट गुणात्मक तथा परिमाणात्मक दुबै तथ्यङ्क संकलन गरिउको छ । जसका लागि अन्तरवार्ता अनुसुची र अवलोकन विधिको प्रयोग गरिएको छ । साथै छात्राहरुको समाज, परिवार र शैक्षिक संस्थामा लैङ्गिक विभेदको अनुभवका बारेमा जानकारी प्राप्त गर्नको लागि विशेष सुचनासँगै गरिएको छ ।

### ३.३.२ द्धितीय सुचना

द्धितिय प्रकृतिको सुचनाको क्रममा विभिन्न पत्रपत्रीका संघसंस्था, नगरपालिकाको जनगणना तथ्याङ्क, प्रकाशित तथा अप्रकाशित सुचनाका साथै शोधपत्र, पुस्तक, लेख रचना आदिको सहयोग लिइने छ ।

## ३.४ समग्र र नमुना छनौट

अध्ययनको उदेश्य पुरा गर्नका लागि कास्की जिल्लाको पोखरा लेखनाथ महानगर उपत्यका भित्रका प्लस टु र क्याम्पस स्तरमा अध्ययनरत १०५ जना छात्राहरुलाई उद्देश्यमुलक नमुना

छनौट विधिबाट नमुना संकलन गरएको छ । जसमा यस अध्ययनको लागि पृथ्वी नारायण क्याम्पस, जनप्रिय क्याम्पस र जनप्रकाश मा.वि.लाई उद्देश्यमूलक नमूना छनौट विधिको माध्यमबाट छनौट गरी ति तिनवटा शैक्षिक संस्थाबाट गोलाप्रथाबाट ३५/३५ जना छात्राहरुलाई छनौट गरी जम्मा १०५ जना छात्राहरुलाई अध्ययनको इकाइ मानेर उनीहरुबाट अन्रवार्ता अनुसुचीको माध्यमबाट आवश्यक तथ्याङ्क संकलन गरिएको छ ।

## ३.५ तथ्याङ्क संकलन विधी

अनुसन्धानका क्रममा अनुसन्धानलाई व्यवस्थित मर्यादित, वैज्ञानिक र विश्वसनीय बनाउनका लागि अनुसन्धानको नियमअनुसार यस अनुसन्धान लाई तार्किक निष्कर्षमा पुऱ्याउन निम्न विधीको प्रयोग गरिएको छ ।

### ३.५.१ अन्तवार्ता अनुसुची

यस अध्ययनमा अध्ययनकोउदेश्य प्राप्तीका लागि अन्तर्वाताको क्रममा उत्तरदातासँग खुल्ला र बन्द दुवै किसिमका प्रश्नहरु सोध्ने कार्य भएको थियो । जसबाट अनुसन्धानको उदेश्य अनुरुप गुणात्मक र परिमाणत्मक दुवै सुचनाको संकलन गरिएको छ ।

### ३.५.२ अवलोकन

यस अध्ययनको उदेश्य अनुरुप विद्यार्थी छात्राहरुको लैङ्गिग विभेदलाई बुझ्न अनुसन्धान गर्नृ स्वयम अध्ययन स्थलमा उपस्थित भई उनीहरुलाई बसेर प्रश्न सोध्ने र सँगसँगै परिरवारको अवस्था आमा बुबो पेशा शैक्षिक वितरण, परिवारमा निर्णय छनौट, अभिभावकले छोरा र छोरीमा दिइने स्वतन्त्रता, अभिभावकले छोरा छेरीमा गर्ने फरक व्यवहार आदि पक्षको बारेम बुझ्नका लागि अध्ययन क्षेत्रको प्रत्यक्ष अवलोकन गर्ने कार्य भएको थियो । तसर्थ यस अनुसन्धानमा अवलोकन विधिको प्रयोग गरिएको छ ।

### ३.५.३ मुख्य सुचनादाता सँगको अन्तवार्ता

मुख्य सुचना दाताहरु ति हुन जुन विद्यार्थीको लैङ्गिक विभेद सम्बन्धी अध्ययनका क्रममा विषयवस्तुको लागि विशेष ज्ञान भएको आम विषय प्रति महत्व दिने खालका हुन्छन् । उक्त विद्यार्थी छात्रालाई अध्ययनको विषयवस्तुका लागी आवश्यक सुचना दिन सक्ने मुख्य स्रोतका रुपमा लिइने छ । यस अध्ययनको क्रममा पनि अनुसन्धानको उदेश्यलाई ध्यानमा

राख्दै छात्राहरुको परिवार, समाज  र शैक्षिक संस्था भित्र लैङ्गिगक विभेदको बारेमा अध्ययन गर्नका लागि उदेश्यमुलक नमुना छनोटका आधारमा मुख्य सुचनादाताको रुपमा लिदै अध्ययनको उदेश्य अनुरुप वहाँहरुको अन्तवार्ता दिइने छ ।

## ३.६ तथ्याङ्कको प्रस्तुतीकरण र विश्लेषण

अध्ययनका क्रममा अनुसन्धानको उदेश्य अनुसार गुणात्मक तथा परिमाणात्मक हुर्दै तथ्याङ्कको संकलन गर्ने कार्य गरिएको छ । जसबाट प्राप्त गुणात्मक सुचनालाई विशेषत : विश्लेषणात्मक ढंगले प्रस्तुत गरिएको छ । जसबाट अन्तवार्ता अनुसुची तथा मुख्य सुचनादाताबाट प्राप्त महत्वपुर्ण सुचनालाई विश्लेषण गरिएको छ । भने अध्ययनका क्रममा प्राप्त विवरण अनुसार तालिका तथा चित्रमा प्रस्तुत गर्दै तिनीहरुको विश्लेषण गरिएको छ ।

पोखरा लेखनाथ उपत्यका भित्र मध्येबाट जसमा स्नातकोत्तरमा अध्ययनरत पृथ्वीनारायण बहुमुखी क्याम्पसमा ३५ जना छात्राहरु अध्ययनमा समेटिने छ भने पोखरा उपत्यका भित्रबाट ९ वटा बहुमुखी क्याम्पसहरु रहेको छन् जसमाः

१. पृथ्वी नारायण बहुमुखी क्याम्पस
२. जनप्रिय बहुमुखी क्याम्पस
३. कालिका बहुमुखी क्याम्पस
४. फरेस्टी बहुमुखी क्याम्पस
५. नर्सिङ बहुमुखी क्याम्पस
६. पोखरा इन्जिनयरीङ क्याम्पस
७. मणिपाल कलेज मेडिकल साइन्स
८. गण्डकी कलेज इन्जिनीयरीङ  क्याम्पस
९. पश्चिमाञ्चल इन्जिनीयरीङ क्याम्पस

यी मध्येबाट जनप्रीय बहुमुखी क्याम्पसमा स्नातक तहमा अध्ययनरत ३५ जना छात्राहरुलाई छनोटमा राखिएको छ ।

यसैगरी लेखनाथ उपत्यका भित्र २१ वटा प्लस टु रहेका छन् ।

१. जनप्रकाश उच्च मा.वि
२. ब्रह्मरुपा उच्च मा.वि

३. गोगन उच्च मा.वि
४. त्रिभुवन शान्ती उच्च मा.वि
५. अमरसिद्ध उच्च मा.वि
६. आनन्द ज्योती उच्च मा.वि
७. लक्ष्मी आर्दश उच्च मा.वि
८. शान्ती उदय उच्च मा.वि
९. टिका सरस्वती उच्च मा.वि
१०. कालिका उच्च मा.वि
११. नेपाल आदर्श आवसिय उच्च मा.वि
१२. शान्ति उदय उच्च मा.वि
१३. त्रिवेणी उच्च मा.वि
१४. भुवानी कालीका उच्च मा.वि
१५. जे.सि.या उच्च मा.वि
१६. डायमण्ड उच्च मा.वि
१७. वि.एम.जी उच्च मा.वि
१८. मनिङ ग्यालरी उच्च मा.वि
१९. जुनियर सिटीजन एकेडेमी
२०. जनज्योती सिटीजन एकेडेमी
२१. न्यु लाइट सिटीजन एकेडेमी

जसमध्ये उच्च मा.वि तर्फबाट लेखनाथ उपत्यकामा भित्रबाट जनप्रकाश उच्च मा.वि मा अध्ययनरत जसमा विद्यार्थीको पुरा संख्या २०० जना विद्यार्थी मध्ये ३५ जना छात्रालाई अध्ययन छनोटमा राखिएको छ भने त्यसैगरी स्नातक तहबाट पोखरा उपत्यका भित्र रहेको जनप्रिय बहुमुखी क्याम्पसमा स्नातक तहमा अध्ययनरत जसमा ३ हजार ६४ विद्यार्थी अध्ये ३५ जना छात्रालाई छनोटमा समावेश गरिएको छ भने उपत्यका भित्र पर्ने पृथ्वी नारायण बहुमुखी क्यापम्पस मा अध्ययनरत ३२ सय ५० जना विद्यार्थी मध्ये ३५ जना स्नातकोत्तरमा अध्ययनरत छात्राहरुलाई छनोटमा राखिएको छ ।

# अध्याय-चार

## ४.१ अध्ययन क्षेत्रको सामाजिक जनसांङ्ख्यिक अध्ययन

पोखरा लेखनाथ महानगरपालिका प्रदेश नं. ४ मा अवस्थित क्षेत्रफलको हिसाबले सबैभनदा ठूलो क्षेत्रफल पोखरा लेखनाथ महानगरपालिका हो । राजधानी देखि २०० मिटर दुरीमा यो क्षेत्र पर्दछ । अध्ययन अनुसार पोखार लेखनाथ महानगरपालिका भित्रका प्लस टु, स्नातक तह र स्नातकोत्तरमा अध्ययनरत छात्राहरुको परिवार र शैक्षिक अवस्थाको अध्ययन गरिएको छ । जसमा प्लस टु बाट ३५ जना छात्रा, स्नातक तहबाट ३५ जना छात्रा र स्नातकोत्तरबाट ३५ जना छात्राहरु अध्ययनमा छनोट गरिएको छ । जसमधये प्लस टु जसमा लेखनाथ उपत्यका अवस्थित जनप्रकाश मा.वि. अध्ययनरत प्लस टु का ३५ जना छात्रालाई छनोट गरिएको छ । त्यसैगरी स्नातक तहमा अध्ययनरत जसमा सिमलचौर अवसिथत जनप्रिय बहुमुखी क्याम्पसमा स्नातक तहमा अध्ययनरत ३५ जना छात्रालाई अध्ययनमा समेटिएको छ । त्यसैगरी स्नातकोत्तरका पृथ्वीनारायण बहुमुखी क्याम्पसका ३५ जना स्नातकोत्तरमा अध्ययनरत विद्यार्थीलाई अध्ययनमा छनोट गरिएको छ । अध्ययनमा छात्राहरको परिवार र शैक्षिक अवस्थालाई केलाईएको छ । जसमा छात्राहरुको शैक्षिक संस्थाको नाम पारिवारिक विवरण, शैक्षिक अवस्था, अभिभावकले छोरा र छोरीमा गर्ने फरक व्यवहार पारिवारिक निर्णय प्रक्रियामा सहभागिता, छात्राहरुको सममाजिक गतिविधिमा सहभागिता जस्ता पक्षलाई टेबुल र बृत्तचित्र मार्फत अध्ययन गरिएको छ ।

## ४.१ उत्तरदाताको जनसांख्यिक विवरण

**तालिका ४.१ उत्तरदाताको शैक्षिक योग्यता विवरण**

| शैक्षिक योग्यता | संख्या | प्रतिशत |
|---|---|---|
| जनप्रकाश मा.वि.का प्लस टु का छात्रा | ३५ | ३३.३ |
| जनप्रिय बहुमुखी क्याम्पसका स्नातक तहका छात्रा | ३५ | ३३.३ |
| पृथ्वीनारायण क्याम्पसका स्नातकोत्तर तहका छात्रा | ३५ | ३३.३ |
| जम्मा | १०५ | १०० |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७४*

तालिका नं. ४.१ अनुसार कुल १०५ जना छात्रालाई उत्तरदाताको नमुना छानेटका रुपमा लिएको छ । जसमध्ये पोखरा लेखनाथ महानगरपालिका भित्रका प्लस टु र क्याम्पस स्तरका छात्रालाई समेटिएको छ । जसमध्ये प्लस टु का लागि भण्डारठिकमा सञ्चालित जनप्रकाश मा.वि.मा अध्ययनरत ३५ जना छात्रालाई छनोटमा लिइएको छ भने स्नातक तहको अध्ययन गर्न सिमलचौरमा अवस्थित जनप्रिय बहुमुखी क्याम्पसमा अध्ययनरत ३५ जना छात्रालाई लिइएको छ भने स्नातकोत्तरको लागि पृथ्वीनारायण क्याम्पसमा अध्ययनरत छात्रा ३५ जनालाई अध्ययनमा लिइएको छ ।

## ४.२ बैवाहिक स्थिति

अध्ययनका क्रममा उत्तरदाता छात्राहरको वैवाहिक स्थितिलाई निम्न तालिका अनुसार राखिएको छ ।

**तालिका ४.२ उत्तरदाता छात्राहरुको विवाह सम्वन्धी विवरण**

| वैवाहिक अवस्था | संख्या | प्रतिशत |
|---|---|---|
| विवाहित छात्रा | ४० | ३८.० |
| अविवाहित छात्रा | ६५ | ६१.९ |
| | १०५ | १०० |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७४*

तालिका मध्ये १०५ जना छात्राहरुमा जम्मा ४० जना अर्थात ३८.० प्रतिशत विवाहित छात्राहरु र त्यसैगरी ६५ जना अर्थात ६१.९ प्रतिशत छात्राहरु अविवाहित रहेको अध्ययनमा देखिएको छ । छात्राहरुको कलिलो उमेरमा विवाह गरिने प्रचलनमा कमी आएको अध्ययनमा देखिएको छ ।

## ४.३ उत्तरदाता छात्राहरुको पारिवारिक विवरण

**तालिका ४.३ : उत्तरदाता छात्राहरुको पारिवारिक विवरण**

| परिवारको आधार | संख्या | प्रतिशत |
|---|---|---|
| एकल परिवार | ५८ | ५५.२ |
| संयुक्त परिवार | ३९ | ३७.१ |
| बृहत परिवार | ८ | ७.६ |
| जम्मा | १०५ | १०० |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७४*

माथिको तालिका अनुसार समाजमा रहेका विविध किसिमका परिवार मध्ये आजको युगमा एकल परिवारको बाहुल्यता रहेको छ । एकल बाहुल्यता हुनुको प्रमुख कारण पेशा, शिक्षा, आधुनीकिरण, परसंस्कृति ग्रहण रहेको छ भने दिनदिनै वृहत परिवारमा बस्ने परिवारको संख्या कम हुँदै गएको छ ।

## ४.४ पारिवारिक संख्याको विवरण

परिवारको पारिवारिक विवरणलाई परिवारको आकार अनुसार निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.४ : उत्तरदाताको पारिवारिक संख्या विवरण**

| परिवारको आधार | संख्या | प्रतिशत |
|---|---|---|
| २-३ | २६ | २४.७ |
| ४- ६ | ५५ | ५२.३ |
| ६ भन्दा माथि | २४ | २२.३ |
| जम्मा | १०५ | १०० |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७४*

समयको बदलिदो परिस्थितिसँगै परिवारमा पनि परिवारका सदस्य संख्या कम छुट्टै गएको छ । थोरै सन्तान जन्माउने, पेशा व्यवसायले गर्दा आफ्नो सम्पूर्ण परिवार छाडेर एक ठाउँबाट अर्को ठाउँमा जानुपर्ने बाध्यताले पनि परिवारको संख्या कम हुने सबै परिवार

साथमा बस्न नपाउने बाध्यता अध्ययन देखिएको छ । अध्ययनमा सबैभन्दा ४-५ जनाको बसोबास गर्ने संख्याको बाहुल्यता बढी नै रहेको पाइयो ।

## ४.५ परिवारमा आम्दानीका स्रोतहरु

छात्राहरुको परिवारमा स्थलगत सर्वेक्षण गर्दा देखिएका पेशाका प्रकारहरु निम्न रहेका छन् ।


**तालिका ४.५ : परिवारमा आम्दानीका स्रोतहरु**

| पेशाका प्रकार | संख्या | प्रतिशत |
|---|---|---|
| नोकरी | ४७ | ४४.७ |
| व्यवसाय | २९ | २७.६ |
| कृषि उत्पादन | २२ | २०.९ |
| अन्य | ७ | ६.६ |
| जम्मा | १०५ | १०० |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७४*

**चित्र ४.१**

**परिवारमा आम्दानीका स्रोतहरु**




पाइचार्टमा उत्तरदाताहरुको आम्दानीका बारेमा सोधपुछ गर्दा छात्राहरुका परिवारका आम्दानीका स्रोतहरुका बारेमा अध्ययन गर्दा नोकरी गर्नेको प्रतिशत बढी देखिएको पछिल्लो

क्रममा नेपाल कृषि प्रधान देश भएतापनि पछिल्लो क्रममा आएर कृषिमा कम लगानी कम नाफा, कम उत्पादन आदि कम गुणस्तरीय मल, विजनको कारणले गर्दा कृषि व्यवसाय भन्दा अन्य पेशा अगालेको पाइन्छ ।

## ४.६ उत्तरदाताको बुबा शैक्षिक विवरण

परिवार भित्र परिवारका सदस्यहरुले शैक्षिक योग्यताले पनि विभेदको रुप लिएको हुन्छ । सोहि विषयलाई आधार मानेर यस अध्ययनमा उत्तरदाताहरुको आमा र बुबाको शैक्षिक योग्यताको अध्ययन गरिएको छ ।

**तालिका ४.६**

**उत्तरदाताको बुबाको शैक्षिक योग्यता**

| बुबाको शैक्षिक योग्यता | संख्या | प्रतिशत |
|---|---|---|
| स्नातकोत्तर भन्दा माथि | २६ | २४.७० |
| स्नातक | ४७ | ४३.८ |
| एस.एल.सी. | २४ | २२.८ |
| सामान्य लेखपढ | ८ | ७.६ |
| जम्मा | १०५ | १०० |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७४*

परिवारमा बुबा र आमा मध्ये परिवारको मुली नेपाली समाजमा प्राय बुबा नै रहने गरेको पाइन्छ । पेशा व्यवसाय तथा शैक्षिक योग्यतामा बुबाको स्थान अगाडी हुन्छ । यस अध्ययनले पनि बाबुको शैक्षिक योग्यतालाई हेर्न खोजिएको हो । जसमा बुबाको शैक्षिक योग्यता स्नातकोत्तर भन्दा माथिका २६ जना अर्थात् २४.७ प्रतिशत रहेको पाइयो । त्यसैगरी स्नातक भन्नेमा ४७ जना अर्थात ४३.८ प्रतिशत रहेको पाइयो भने त्यसैगरी एस.एल.सी. भन्नेमा २४ जना अर्थात २२.८ प्रतिशत रहेको पाइयो भने त्यसैगरी सामान्य लेखपढ भन्ने सबैभन्दा कम जस्मा ८ जना अर्थात ७.६ प्रतिशत रहेको पाइयो ।

## ४.७ उत्तरदाताको बुबाको पेशा

बुबा र आमाको शैक्षिक योग्य बिच पनि लैङ्गिक विभेदको अन्तरलाई पनि यस अध्ययनमा

निम्नानुसार राखिएको छ ।

**तालिका ४.७ : उत्तरदाताको बुबाको पेशा सम्वन्धी विवरण**

| बुबाको पेशा | संख्या | प्रतिशत |
|---|---|---|
| सरकारी जागिर | ३१ | २९.५ |
| कृषि व्यवसाय | २३ | २१.९ |
| व्यापार | २८ | २६.६ |
| वैदेशिक रोजगार | २३ | २१.९ |
| जम्मा | १०५ | १०० |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७४*

उत्तरदाताको परिवारमा बाबुको पेशा सम्वन्धी अध्ययन गर्दा, सरकारी जागिर भएका बाबुहरु ३१ जना अर्थात २९.५ प्रतिशत कृषि व्यवसाय भएका २३ जना अर्थात २१.९ प्रतिशत व्यापार २८ जना अर्थात २६.६ प्रतिशत र वैदेशिक रोजगार भएका २३ अर्थात २१.९ प्रतिशत रहेको पाइयो ।

## ४.८ उत्तरदाताको आमाको शैक्षिक योग्यता

**तालिका ४.८ : उत्तरदाताको आमाको शैक्षिक योग्यता सम्वन्धी विवरण**

| आमाको शैक्षिक योग्यता | संख्या | प्रतिशत |
|---|---|---|
| स्नातकोत्तर | ११ | १०.४ |
| स्नातक | २० | १९.० |
| एस.एल.सी. | ४१ | ३९.९ |
| सामान्य लेखपढ | ३३ | ३१.४ |
| जम्मा | १०५ | १०० |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७४*

तालिका ४.८ मा उत्तरदाताहरुका आमाको शैक्षिक योग्यताको अध्ययन गर्दा स्नातकोत्तर भन्नेमा ११ जना अर्थात १०.४ प्रतिशत स्नतक तहमा भन्नेमा २० जना अर्थात १९.० प्रतिशत एस.एल.सी. भन्नेमा ४१ जना अर्थत ३९.९ प्रतिशत र सामान्य लेखपढ भन्नेमा ३घ जना अर्थात ३१.४ प्रतिशत रहेको पाइयो । अध्ययनमा बाबुको तुलनामा आमाको

शैक्षिक स्तर न्यून भएको पाइयो ।

## ४.९ उत्तरदाताको आमाको पेशा

उत्तरदाताको आमाको पेशालाई निम्नअनुसारको तालिकामा देखाइएको छ ।

**तालिका ४.९ : उत्तरदाताहरुको आमाको पेशा**

| आमाको पेशा | संख्या | प्रतिशत |
|---|---|---|
| गृहिणी | ५६ | ५३.३ |
| जागिर | ९ | ८.५ |
| व्यापार | २७ | २४.७ |
| वैदेशिक रोजगार | १३ | १२.३ |
| जम्मा | १०५ | १०० |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७४*

यस तालिकामा उत्तरदातहरुको आमाको पेशाको अध्ययन गर्ने क्रममा गृहिणी भन्नेमा ५६ जना अर्थात ५३.३ प्रतिशत र जागिर भन्नेमा ९ जना अर्थात ८.५ प्रतिशत र व्यापार भन्नेमा २७ जना अर्थात २४.७ प्रतिशत त्यसैगरी वैदेशिक रोजगार भन्नेमा १३ जना अर्थात १२.३ प्रतिशत रहेको देखियो अझैपनि विभिन्न कारणले गर्दा महिला घरभित्रका काममा सिमित रहेको पाइयो । घरमा कामकाज, बालबच्चाको हेरचाह आदि कारणले गर्दा पनि घरभित्र सिमित रहेको पाइयो ।

## ४.१० परिवारमा पढ्नको लागि प्रेरणा दिने

समाज तथा परिवारमा त्यस्ता व्यक्तित्वहरु हुन्छन् । जसले अभिभावकहरुको उद्देशय सुझाव अनुरुप छोराछोरीले कार्य गर्दछन् । जसको प्रेरणाले गर्दा व्यक्तिले आफ्नो जिवनको लक्ष्य निर्धारण गरेको हुन्छ । अध्ययनमा पनि उत्तरदाताहरुसँग शिक्षा क्षेत्रमा पढ्नको लागि प्रेरणा कसले प्रेरणा दियो भन्ने प्रश्नमा उत्तरदाताहरुले दिएको उत्तरलाई तलको तालिका र चार्टमा देखाइएको छ ।


**तालिका ४.१० : उत्तरदातालाई शिक्षामा प्रेरणा दिने स्रोतहरु**

| स्रोतको विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| बाबु | ६१ | ५८.० |
| आमा | २१ | २०.२ |
| दाजुभाइ | १२ | ११.४ |
| दिदीबहिनी | ११ | १०.४ |
| जम्मा | १०५ | १०० |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७४*

**चित्र ४.२**

**उत्तरदाताको शिक्षामा प्रेरणाको स्रोतहरु**




माथिको पाइचार्ड अनुसार हरेक छात्राहरुको विषय छनौट प्रक्रियामा स्वयम आफ्नो निर्णय नभई परिवारका सदस्यहरुबारे सुझाव र सल्लाह बमोजिम छात्रारले विषय छनोट गरेको पाइयो । पाइचार्ट अनुसार छात्राहरु विषय छनोट गर्ने क्रममा बुबाको सल्लाह निर्णय अनुसार भन्नेमा ६१ जना अर्थात ५८.० प्रतिशत आमबाट भन्नेमा २१ जना अर्थात २०.२ प्रतिशत दाजुभाइबाट भन्नेमा १२ जना अर्थात ११.४ प्रतिशत र त्यसैगरी दिदीबहिनीले भन्नेमा ११ जना अर्थात १०.४ प्रतिशत पाइयो ।

अध्ययनमा अझैपनि छात्राहरु छोरीहरुको विषय छनौट प्रक्रियामा पनि उनीहरको स्वनिर्णय नभई परिवारको सदस्यहरुको सल्लाह सुझाव अनुसार अध्ययन गर्ने गरेको पाइयो ।

## ४.११ परिवारमा असमान अधिकारको अवस्था

परिवारमा अभिभावकले आफ्ना छोर र छोरीलाई गर्ने फरक व्यवहार प्रष्ट पार्न खोजिएको हो । अभिभावकले के के पक्षमा छोरा र छोरी बिच विभेद गर्दछन् त भन्ने प्रश्नमा प्रष्ट पारिएको छ ।

**तालिका ४.११ : असमान अधिकारको अवस्था**

| असमान पक्ष | संख्या | प्रतिशत |
|---|---|---|
| शिक्षा | १० | ९.५ |
| स्वतन्त्रता | २० | १९.० |
| घरको काम | ६२ | ५९.० |
| माथिका सवै | १३ | १२.३ |
| जम्मा | १०५ | १०० |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७४*

तालिका ४.१० मा छात्राहरुले परिवार भित्र आफ्ना अभिभावकहरुबाट कुनै न कुनै कुरामा असमानता महसुस गर्दछन् । जति छोरा र छोरी समान भने पनि घरको कामकाज स्वतन्त्र आदि जस्ता कुरामा अझैपनि छोरालाई भन्दा छोरीलाई निश्चित सिमानमा बाँधिएको हुन्छ ।

यस्तै अभिभावको असमान व्यवहार महसुस गरेका छन् । जसमा शिक्षामा भन्नेमा १० जना अर्थात ९.५ प्रतिशत र त्यसैगरी स्वतन्त्रता भन्नेमा २० जना अर्थात १९.० प्रतिशत र घरको काममा असमान व्यवहार पाइन्छ भन्नेमा ६२ जना अर्थात ५९.० प्रतिशत र माथिका सबै भन्नेमा १३ जना अर्थात १२.२ प्रतिशत पाइयो । अझैपनि नेपाली समाजमा केहि पक्षमा छोरा र छोरीमा विभेद कायमै रहेको पाइयो ।

## ४.१२ परिवारमा समान पक्षको अधिकार

समयको बदलिँदो क्रमसँगै छोरा छोरी बिचको विभेद पनि कम हुँदै गइरहेको छ । आधनुनिकीकरण, औद्योगिकीकरण परसंस्कृति आदि जस्ता पक्षले देश र समाजले विकसको फड्को मारेको छ । यती हुँदाहुँदै पनि पितृसत्तासको अवस्थाले अहिले पनि छोरा र छोरीमा

विभेद देख्न सकिन्छ । यस अध्ययनमा पनि उत्तरदाताहरुसँग छोरा र छोरी बिच समान अधिकार अभिभावकले प्रदान गरेका छन् कि छैनन भन्ने प्रश्नमा यसप्रकार उत्तर आएको छ ।

**तालिका ४.१२ : परिवारमा समान पक्षको अधिकार अवस्था**

| अधिकारको अवस्था | संख्या | प्रतिशत |
|---|---|---|
| छ | ६५ | ६१.९ |
| छैन | ४० | ३८.० |
| जम्मा | १०५ | १०० |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७४*

ताकिला ४.११ अनुसार परिवारका अभिभावकहरुले छोरा र छोरीलाई जसमा स्वतन्त्रता, रोजागरी शिक्षा, स्वास्थ्य, घरको कामकाज हरेक पक्षमा छोरा र छोरीमा गर्ने फरक भेदभाव छात्राहरुले गरेको अनुभवलाई अध्ययनमा समावेश गरिएको छ ।

## ४.१३ शैक्षिक संस्थाभित्र संकायमा उपस्थिति

शैक्षिक संस्था भित्र महिला तथा पुरुष विद्यार्थीको उपस्थिति लैङ्गिक अवस्थालाई निम्न अनुसार राखिएको छ । तालिकामा छात्रा विद्यार्थीको संकाय भित्रको उपस्थितिलाई अध्ययन गरिएको छ ।

**तालिका ४.१३ : महिला विद्यार्थीको संकायमा उपस्थिति**

| विषय (संकाय) | संख्या | प्रतिशत |
|---|---|---|
| मानविकी | ३८ | ३६.१ |
| विज्ञान | १० | ९.१ |
| व्यवस्थापन | १८ | १७.१ |
| शिक्षा | ४२ | ४०.० |
| जम्मा | १०५ | १०० |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७४*

माथिको तालिकामा अझैपनि छोरीहरुलाई प्राविधिक शिक्षामा कम उपस्थिति रहेको पाइयो भने अझैपनि शिक्षामा छोरा र छोरीमा अभिभावको विभेद नै रहेको देखियो । अध्ययनमा मानविकी संकायमा छात्रा विद्यार्थी ३६.१ प्रतिशत रहेको पाइयो भने त्यसैगरी विज्ञान संकायमा ९.५ प्रतिशत त्यसैगरी व्यवस्थापनमा १७.१ प्रतिशत रहेका छन् भने शिक्षा ४०.० प्रतिशत रहेको पाइयो । अझैपनि छात्राहरु प्राविधिक शिक्षमा भन्दा अन्य विषयमा बढी अध्ययन गरेको पाइयो ।

# अध्याया-पाँच

# परिवार र शैक्षिक संस्थामा लैङ्गिक विभेदको अनुभव

समाजका आधारभूत समाजिक संस्थाहरु भित्र परिवार, समाज, शैक्षिक संस्था, नातागोता, राजनितिक धार्मिक, सांस्कृतिक आदि संस्था पर्दछन् । यिनै संस्थाहरुको निर्णणबाट नै समाजका कार्यहरु अगााडी बढ्दछन् । यिनै संस्थाहरु मध्ये लैङ्गिक सामाजिकीकरणको प्रक्रिया पनि एउटा निरन्तर चिरहने प्रक्रिया हो । जुन जन्म देखि नमरुन्जेलसम्म चलिरहन्छ । सामाजिकीकरणका लागि उमेर, क्षमता, इच्छा, चाहना, शिक्षा र सामाजिक सांस्कृतिक मूलय मान्यता आदिको आवश्यकता पर्दछ । जुन समाज पिच्छे फरक फरक हुन्छ । यहाँ उद्देश्य अनुसार विभेदीत अनुभवहरुलाई क्रमैसँग प्रस्तुत गरिएको छ ।

## ५.१ पारिवारिक निर्णय प्रक्रिया र छात्राहरुको अनुभव

परिवार भित्र परिवारका सदस्यको अनुमति अनुसार कार्य गर्ने पुरुषको तुलनामा महिलालाई कार्य अनुमति लिएर मात्र गर्न पाउने तर पुरुषलाई भने कतै जानुपर्दा केहि गर्नु पर्दा आफ्नो स्वयम् इच्छाले गर्न पाउने परिवारको अनुमति लिन नपर्ने, अनुमति लिनै परेपनि किन, कसरी आदि जस्ता विविध कारणहरुको बारेमा जानकारी गराउनु नपर्ने देखिएको छ । छोरीलाई घरबाहिर निस्कने अनुमति दिएतापनि साँझ परेपछि घरभित्र हुनुपर्ने देखिन्छ ।

**तालिका ५.१ : घर बाहिर जाँदा परिवारको पूर्व अनुमति लिनुपर्ने अवस्था**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| घरबाहिर जाँदा अनुमती लिने | ५३ | ५०.४ |
| घरबाहिर जाँदा अनुमति नलिने | १६ | १५.२ |
| प्रक्रिति हेरेर अनुमति लिने, नलिने | ३६ | ३४.२ |
| जम्मा | १०५ | १०० |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७४*

छात्राहरुले आफु घरबाट बाहिर जाँदा परिवारको अनुमति लिएर मात्र जान पाउने ५३ जना अर्थात ५०.४ प्रतिशत, परिवारको अनुमति नलिकन बाहिर जाने १६ जना अर्थात १५.२ प्रतिशत र कामको प्रकृति हेरेर लिने नलिने भन्नेमा ३६ जना अर्थात ३४.२ प्रतिशत रहेको अध्ययनले देखाएको छ ।

## ५.२ पारिवारिक निर्णय प्रक्रियामा सहभागी

परिवारको पारिवारिक निर्णय प्रक्रियामा सदियौ देखि पुरुषको निर्णयलाई नै सबैलाई मान्ने गरिएको छ । बाबुको नियन्त्रण र अनुशासनमा परिवारका सदस्य बसनु पर्दछ । परिवार सञ्चालन गर्ने शक्ति पुरुषमा निहित हुन्छ । महिला परिवारको सहयोगीका रुपमा रहेको हुन्छिन् । यस अध्ययनमा पनि महिला विद्यार्थीलाई भन्दा पुरुष विद्यार्थीलाई परिवारले बढी मान्यता दिइएको पाइएको छ ।

**तालिका ५.२ : पारिवारिक निर्णय प्रक्रियामा सहभागी विवरण**

| पारिवारिक निर्णयमा सहभागी | संख्या | प्रतिशत |
|---|---|---|
| सहभागी हुने | ४२ | ४०.० |
| सहभागी नहुने | १२ | ११.४ |
| आफुसँग सम्वन्धित भएमा | ५१ | ४८.५ |
| जम्मा | १०५ | १०० |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७४*

तालिका ५.२ अनुसार कुल १०५ जना छात्राहर मध्ये पारिवारिक निर्णय प्रक्रियामा सहभागी हुने ४० जना अर्थात ४०.० प्रतिशत रहेका छन् भने पारिवारिक प्रक्रियामा सहभागी नहुने १२ जना अर्थात ११.४ प्रतिशत रहेका छन् भने आफसँग सम्वन्धित भए मात्र निर्णय प्रक्रियामा सहभागी गराउने भन्नेमा ५१ जना अर्थात ४८.५ प्रतिशत रहेका छन् ।

## ५.३ परिवारमा निर्णय अधिकार

परिवारमा निर्णय अधिकार आमो भन्दा बढी बुबाको नै महत्वपूर्ण भूमिका रहन्छ । आमा घरको कामकाजमा व्यस्त रहने र आमाको भूमिकालाई कम महत्व दिने, बुबाको अर्थात पुरुषको इशारा, आज्ञा आदेश, निर्देशनमा घरको व्यवहार चल्ने छोरीलाई घरको कामकाज बाल्यावस्था देखि नै सिकाइएने छोरालाई भने बुबाको जस्तै घर बाहिरका कामकाज सिकाइने गरिन्छ । अध्यक्ष नयाँ पनि परिवारमा निर्णय प्रक्रियामा कस्तो भूमिका बढी रहन्छ भनेर अध्ययन गरिएको छ ।

**तालिका ५.३ : परिवारमा निर्णय अधिकार**

| परिवारमा निर्णय अधिकार | संख्या | प्रतिशत |
|---|---|---|
| आमाको | ७ | ७.७ |
| बुबाको | ३७ | ३५.२ |
| दुवैजनाको | ४१ | ३९.० |
| परिवारमा सबै सदस्यको | २१ | २०.० |
| जम्मा | १०५ | १०० |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७४*

तालिका ५.३ अनुसार घरको पारिवारिक निर्णय गर्दा परिवारमा कसको सहभागिता हुन्छ भन्ने प्रश्नमा छात्राहरु आमाको भन्नेमा ७ जना अर्थात ६.७ प्रतिशत रहेका छन् भने त्यसैगरी बुबाको भन्ने ३७ जना अर्थात ३५.२ प्रतिशत रहेका छन् भने बाबु र आमाको दुवैजनाको सहभागी रहन्छ भन्नेमा ४१ जना अर्थात ३९.० प्रतिशत रहेको पाइयो । त्यसैगरी पारिवारिक निर्णय प्रक्रियामा सबै जनाको भूमिका रहन्छ भन्नेमा २१ जना अर्थात २०.० प्रतिशत रहेको छ ।

## ५.४ सामान खरिद गर्ने अनुमति

परिवारमा सामान खरिद गर्नको लागि परिवारले विभिन्न समयमा चाडपर्व, उत्सव, मनोरञ्जनका लागि अभिभावकले छोरा र र छोरी भएका कारण सामान खरिद गर्ने अनुमति प्रदान गर्ने गर्दछन् ।

**तालिका ५.४ : सामान खरिद गर्ने अनुमति**

| सामान खरिद गर्ने अनुमति | संख्या | प्रतिशत |
|---|---|---|
| सामान खरिद गर्न अनुमति लिने | ४८ | ४५.७ |
| सामान खरिद गर्न अनुमति नलिने | १५ | १४.२ |
| चाडपर्वमा मात्र अनुमति लिने | ४२ | ४०.२ |
| जम्मा | १०५ | १०० |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७४*

तालिका ५.४ मा परिवारले सामान खरिद गर्ने अनुमित दिइन्छ भन्नेमा ४८ जना अर्थात ४५.७ प्रतिशत रहेका छन् भने सामान खरिद गर्न अनुमति दिदैन भन्नेमा १५ जना अर्थात १४.२ प्रतिशत र मसँग सम्वन्धित भएमा मात्र भन्नेमा ४२ जना अर्थात ४०.२ प्रतिशत रहेको पाइयो ।

## ५.५ साथी ल्याएर राख्न पाउने व्यवस्था

घरको पारिवारिक अवस्था अनुसार साथीहरुलाई ल्याएर घरमा राख्नको लागि परिवारको अनुमति लिनुपर्ने देखिन्छ ।

**तालिका ५.५ : साथी ल्याएर राख्न पाउने सम्वन्धी विवरण**

| सामान खरिद गर्ने अनुमति | संख्या | प्रतिशत |
|---|---|---|
| दिइन्छ | ७३ | ६९.५ |
| दिइदैन | ७ | ६.६ |
| आकस्मिक परिस्थितिमा मात्र | २५ | २३.८ |
| जम्मा | १०५ | १०० |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७४*

तालिका ५.५ मा घरमा साथीहरुलाई ल्याएर राख्न पाउने व्यवस्थामा साथी ल्याएर राख्न दिइन्छ भन्नेमा ७३ जना अर्थात ६९.५ प्रतिशत, दिइदैन भन्नेमा ७ जना अर्थात ६.६ प्रतिशत र आकस्मिक परिस्थितिमा मात्र भन्नेमा २५ जना अर्थात २३.८ प्रतिशत पाइयो ।

## ५.६ विद्यार्थीले अध्ययन गर्ने विषयको छनोट

यस अध्ययनमा प्रत्येक छात्राहरुले छनोट गर्ने विषयको निर्णय आफै नगरी विभिन्न व्यक्तिहरुको सहयोग अनुसार अध्ययन विषयको छनोट गरेको अध्ययनमा पाइयो ।

**तालिका ५.६ : विषय छनोटमा निर्णय अधिकार**


| विषय छनोटमा निर्णय | संख्या | प्रतिशत |
|---|---|---|
| आफैले | २६ | २४.७ |
| साथीको सहयोगमा | १६ | १५.२ |
| परिवारको सहयोगमा | ५६ | ५३.३ |
| शिक्षकको सहयोगमा | ७ | ६.६ |
| जम्मा | १०५ | १०० |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७४*

तालिका ५.६ मा छात्राहरुले आफूले अध्ययन गर्ने विषयको छनौट गर्दा आफैले गरेको भन्नेमा २६ जना अर्थात २४.७ प्रतिशत त्यसैगरी साथीको सहयोगमा १६ जना अर्थात १५.२ प्रतिशत परिवारको सहयोग भन्नेमा ५६ जना अर्थात ५३.३ र शिक्षकको सहयोगमा ७ जना अर्थात ६.६ प्रतिशत रहेको पाइयो ।

**चित्र ४.३**

**विषय छनौट गर्दा देखाउने पाइचार्ट**




## ५.७ शैक्षिक योग्यता प्रति समाजको दृष्टिकोण

अध्ययनका क्रममा छात्राहरको शैक्षिक दृष्टिकोणलाई पनि फरक ढंगले लिइएको पाइयो । छोरीलाई विहे गर्न सजिलो होस् भन्नका लागि प्राविधिक शिक्षामा जोड नदिई वा विहेका

क्रममा विषय नखुलाई प्लस टु, स्नातक तह भन्न सजिो गराइएको पाइयो । महिलाको शैक्षिक योग्यता प्रति समाजले सकारात्मक दृष्टिले हेरे पनि उनीहरको योग्यतालाई सम्मान लिन नसकेको पाइयो ।

**तालिका ५.७ : शैक्षिक योग्यता प्रति समाजको दृष्टिकोण**

| समाजको दृष्टिकोण | संख्या | प्रतिशत |
|---|---|---|
| सम्मानजनक | ५१ | ४८.५ |
| आशावादी | ४७ | ४४.७ |
| अर्थहिन | ७ | ६.६ |
| जम्मा | १०५ | १०० |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७४*

विद्यार्थीको शैक्षिक योग्यतालाई समाजले हेर्ने दृष्टिकोण फरक फरक पाइयो जसमा सम्मानजनक रुपले हेर्नेमा ५१ जना अर्थात ४८.५ प्रतिशत, आशावादी रुपले हेर्नेमा ४४.७ प्रतिशत अर्थहिन भन्नेमा ७ जना अर्थात ६.६ प्रतिशत पाइयो ।

## ५.८ अध्ययन गर्ने संस्थाका कार्यक्रममा सहभागी

अध्ययनका क्रममा छात्राहरुले शिक्षण संस्थामा हुने विभिन्न कार्यक्रमहरुमा आफुलाई सहभागि गराएका छन् कि छैन भन्ने कुरामा अध्ययन गर्दा निम्नानुसार तथ्याङ प्राप्त भयो ।

**तालिका ५.८ : अध्ययन गर्ने संस्थाका कार्यक्रममा सहभागी**

| कार्यक्रम | संख्या | प्रतिशत |
|---|---|---|
| वक्तित्वकला | १७ | १६.१ |
| हाजिरीजवाफ | ३१ | २९.५ |
| खेलकुद | २४ | २२.८ |
| नाचगान | ३३ | ३१.४ |
| जम्मा | १०५ | १०० |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७४*

तालिका ५.८ शिक्षण संस्थामा हुने विविध कार्यक्रमहरुमा छात्राहरको सहभागितामा वक्तित्वकलामा १७ जना अर्थात १६.१ प्रतिशत हाजिथरीजवाफमा ३१ जना अर्थात २९.५ जना खेलकुदमा २४ जना अर्थात २२.८ प्रतिशत र नाचगानमा ३३ जना अर्थात ३१.४ जना रहेको पाइयो ।

## ५.९ शिक्षण सिकाइमा शिक्षकले छात्राहरुलाई हेर्ने दृष्टिकोण विवरण

शिक्षण सिकाइमा शिक्षकले छात्र र छात्राहरुलाई पर्ने व्यवहारमा फरक छ की समानता छ भन्ने अध्ययन गर्न खोजिएको छ ।

**तालिका ५.९ : शिक्षण सिकाइमा शिक्षकले छात्राहरुलाई हेर्न दृष्टिकोण**

| कार्यक्रम | संख्या | प्रतिशत |
|---|---|---|
| सम्मानजनक | ८३ | ७९.० |
| सामान्य | २२ | २०.९ |
| निरर्थक | ० | ० |
| जम्मा | १०५ | १०० |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७४*

तालिका ५.९ मा शिक्षण सिकाई क्रियाकलापमा शिक्षकले छात्राहरुको शैक्षिक योग्यतालाई सम्मानजनक रुपले हेर्ने ८३ जना अर्थात ७९.० प्रतिशत रहेको पाइयो । त्यसैगरी सामान्य रुपले हेर्ने २२ जना अर्थात २०.९ प्रतिशत रहेको पाइयो ।

## ५.१० सामाजिक गतिविधिमा छात्राहरुको संलग्नता

सामाजिक गतिविधिमा पुरुषको तुलनामा महिलाहरको कम सहभागिता रहेको हुन्छ । कारण महिलाहरु घरको कामकाज बाल बच्चाको स्याहारसुसारमा व्यवस्त रहने हुँदा बाहिरको गतिविधिमा सहभागी हुने समय नपाउँदा समाजमा के भइरहेको छ भन्ने जानकारी हुँदैन ।बुबा र दाजुभाइ समाजमा गतिविधिमा सहभागी हुने गरेको पाइयो भने अध्ययनमा पनि सामाजिक गतिविधिमा महिलाको काम सहभागिता पाइयो ।

**तालिका ५.१० : सामाजिक गतिविधिमा महिलाको संलग्नता**

| सामाजिक गतिविधिमा महिला संलग्नता | हरेक समय | कहिले काँही | हुँदिन (जादिन) | जम्मा |
|---|---|---|---|---|
| प्लस टु का छात्रा | ११ | २० | ४ | ३५ |
| स्नातक तहका छात्रा | १३ | १९ | ३ | ३५ |
| स्नातकोत्तरका छात्रा | १४ | २१ | ० | ३५ |
| जम्मा | ३५ | ६० | ७ | १०५ |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७४*

तालिका ५.१० मा महिला विद्यार्थीहरुको सामाजिक कार्यमा कस्तो सहभागिता रहेको छ भन्ने विषयलाई उजागर गरिएको छ । समाजको सामाजिक गतिविधिमा संलग्न प्लस टु का छात्रा हरेक दिन भन्नेमा ११ जना, कहिलेकाही भन्नेमा २० जना, हुँदिन भन्नेमा ४ जना रहेका छन् । त्यसैगरी स्नातक तहमा हरेक दिन भन्नेमा १४ जना, कहिलेकाँही भन्नेमा २१ जना र हुँदिन भन्नेमा सुनय रहेको पाइयो ।

## ५.११ छात्राहरुलाई दिनुपर्ने महतवपूर्ण पक्ष

शिक्षा प्राप्त गर्न पाउनु सबैको नैसर्गिक अधिकार हो । यसै क्रममा हाम्रो समाजमा अझैपनि कहि न कतै छोरा र छोरीमा फरक व्यवहार छ । अध्ययनमा छात्राहरुलाई छोरीलाई सम्पति र शिक्षा मध्ये केमा जोड दिनु पर्छ भन्ने अध्ययन गनर्न खोजिएको छ ।

**तालिका ५.११ : छात्राहरुलाई दिनपर्ने महतवपूर्ण पक्ष**

| दिनुपर्ने पक्ष | संख्या | प्रतिशत |
|---|---|---|
| शिक्षा | ४१ | ३९.० |
| सम्पति | १२ | ११.४ |
| दुवै | ५२ | ४९.५ |
| जम्मा | १०५ | १०० |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७४*

तालिका ५.११ मा छोरीलाई दिनुपर्ने महत्वपूर्ण पक्ष के हो भन्ने प्रश्नमा शिक्षा भन्नेमा ४१

जना अर्थात ३९.० प्रतिशत, सम्पत्ति भन्नेमा १२ जना अर्थात ११.४ प्रतिशत र दुवै भन्नेमा ५२ जना अर्थात ४९.५ प्रतिशत रहेको पाइयो । अध्ययनमा शिक्षा र सम्पति दुवै भएमा जस्तोसुकै कठिन परिस्थितिमा पनि अघि बढ्न सहयोग पुग्छ भन्ने कुराको जानकारी पाइयो ।

# अध्याय-छ

# सारांश, निष्कर्ष र सुझाव

## ६.१ अध्ययनको सारांश

चाहे पुरक्ष होस् चाहे महिला होस् शिक्षा अत्यन्त आवश्यक विषय हो । शिक्षाबाट व्यक्तिले ज्ञान विज्ञान, साहित्य, कला, संस्कृति, आदर्श नियम, कानून ज्ञान हाँसिल गरेको हुन्छ । लैङ्गिक सवालबाट हेर्दा शिक्षा छोरा र छोरीमा फरक छ । छोरालाई शिक्षामा अलि बढी महत्व दिने, प्राविधिक विषयमा जोड दिने वंश धान्ने, कुललाइ ि अगाडि बढाउने, छोराको प्रगतिमा परिवारमा इज्जत रहेन जस्तो सोचाई हरेक परिवारमा रहेको हुन्छ भने छोरीलाई प्राविधिक शिक्षामा कम महत्व दिएको हुन्छ । समाज पितृ सत्तामा सोचाइले जग अडिएको कारण पुरुषलाई सबैसर्वा नै ठानिएको हुन्छ भने महिला घरको कामकाज बालबच्चाको स्याहारसुसारमा व्यवस्त रहनुपर्ने हुन्छ । महिलाहरुलाई सिमित सिमाभित्र राखिएको हुन्छ । धर्म, संस्कृति, चालचलन, रितिरिवाज, भाग्य आदि पक्षहरको मध्यमबाट नारीलाइृ जेलिएको हुन्छ भने अर्को प्रमुख कारण अभिभावकहरुमा शैषिक चेतनाको कारणले गर्दा पनि छोरीको शिक्षा, स्वास्थ्य, रोजगारी आदि पक्षमा प्रभाव परेको देखिन्छ ।

मुलतः यो अध्ययन पोखरा लेखनाथ महानगरपालिका भित्रका प्लस टु जसमा जनप्रकाश उच्च मा.वि. र स्नातक तहका छात्रा जसमा जनप्रिय बहुमुखी क्याम्पसका छात्रा र स्नातकोत्तरका छात्रा जसमा पृथ्वीनारायण बहुमुखी क्याम्पसमा छात्राहरुको परिवार र शैक्षिक संस्थामा लैगिक विभेदको अनुभवलाई अध्ययन गरिएको छ । जसमा टात्रा शिक्षा देखिएका समस्या र चुनौतीहरको अध्ययन गरिएको छ । अध्ययनमा छात्रा शिक्षामा प्रभाव पार्ने कारणहरु विशेष प्राथमिकता राखी पोखरा लेखनाथ भित्रका शैक्षिक संस्थामा अध्ययनरत छात्राहरुको अनुभवको अध्ययन गरिएको छ ।

विशेष गरी शैक्षिक उद्देश्य पुरा गर्नका लागि सिमित स्रोत र साधनमा गरिएको अध्ययन हो । यस अध्ययनमा छात्राहरुको परिवार र शैक्षिक संस्थामा लैंगिक विभेदको अनुभव छात्राहरुमा केन्द्रित रहेर पुरा गरिएको छ । अध्ययनको उद्देश्य प्राप्तका लागि गुणात्मक र परिमाणात्मक दुवै खालका तथ्याङ्कहरुको प्रयोग गरिएको छ भने यस अध्ययनको प्राथमिक

सुचनाका लागि स्थलगत अवलोकन, अन्तरवार्ता, अनुसुची साथै द्वितीय सुचनाका लागि विभिन्न पुस्तक लेख रचना, शोधपत्र, पत्रपकि तथा विद्युतीय सामग्रीहरुको रुपमा इन्टरनेट साथै उपलव्ध विभिन्न सन्दर्भ सामग्रीहरुको प्रयोग गरिएको छ ।

## ६.२ मुख्य प्राप्तीहरु

- यस अध्ययनमा पोखरा लेखनाथ महानगरपालिका भित्रबाट प्लस टु मा अध्ययनरत जसमा जनप्रकाश उच्च मा.वि.बाट ३५ जना छात्रा त्यसैगरी स्नातक तहमा अध्ययनरत जनप्रिय बहुमुखी क्याम्पसमा अध्ययनरत ३५ जना छात्रा र त्यसैगरी पृथ्वीनारायण क्याम्पसमा स्नाताकोत्तरमा अध्ययनरत ३५ जना छात्राहरुलाई परिवार र शैक्षिक स्तरमा लैगिक विभेदको अध्ययन गरिएको छ । जसमा जम्मा १०५ जना छात्राहरुलाई मात्र अध्ययनमा छनोट गरिएको ।
- छनोट गरिएका उत्तरदाताहरु मध्ये वैवाहिक सम्वन्धको अध्ययनका क्रममा १०५ जना छात्राहरु मध्ये ३८.० प्रतिशत विवाहित रहेका छन् भने ६१.९ प्रतिशत अविवाहित छात्रा रहेका छन् ।
- अध्ययनमा छात्राहरको पारिवारिक विवरण हेर्दा एक परिवारका छात्रा ५५.२ प्रतिशत रहेका छन् भने संयुक्त परिवारका ३७.१ प्रतिशत रहेका छन् । त्यसैगरी बृहत परिवारमा रहनेको संख्या ७.६ प्रतिशत रहेको पाइयो ।
- छनोटमा रहेका छात्राहरको पारिवारिक संख्याको अध्ययन गर्दा २-३ जनाको परिवारको सदस्य संख्यामा २४.७ प्रतिशत, ४-६ जनाको सदस्य संख्यामा रहने ५२.३ प्रतिशत र ६ भन्दा माथिको सदस्य संख्यामा रहेका २२.३ प्रतिशत रहेको पाइन्छ ।
- परिवारको आम्दानीका स्रोतहरुमा नोकरी भन्नेमा ४४.७ प्रतिशत, व्यवसाय भन्नेमा २७.६ प्रतिशत र कृषि उत्पादन भन्नेमा २०.९ प्रतिशत र ज्याला मजदुरी गर्नेमा ६.६ प्रतिशत रहेका छन् ।
- छात्राका बाबुको शैक्षिक विवरणमा स्नातकोत्तर गर्नेमा २४.७ प्रतिशत, स्नातक तह गर्नेमा ४३.८ प्रतिशत, एस.एल.सी. गर्नेमा २२.८ प्रतिशत, सामान्य लेखपढ गर्नेमा

७.६ प्रतिशत रहेको पाइयो ।

- छात्राको बाबुको पेशामा सरकारी जागिर गर्ने २९.५ प्रतिशत, कृषि व्यवसाय गर्ने २१.९ प्रतिशत, व्यापार गर्ने २६.६ प्रतिशत, वैदेशिक रोजगारीमा २ज्ञ.९ प्रतिशत रहेको पाइयो ।
- छनोटमा परेका छात्राहरुको आमाको शैक्षिक विवरणमा स्नातकोत्तर गर्नेमा १०.४ प्रतिशत स्नातक तहमा १९.० प्रतिशत, एस.एल.सी. गर्नेमा ३९.९ प्रतिशत, समान्य लेखपढ गर्नेमा ३१.४ प्रतिशत रहेका छन् ।
- छात्राहरको आमाको पेशा सम्वन्धी विवरणमा गृहिणी ५३.३ प्रतिशत, जागिर गर्नेमा ८.५ प्रतिशत, व्यापार गर्नेमा २४.७ प्रतिशत, वैदेशिक रोजगारीमा १२.३ प्रतिशत रहेको पाइयो ।
- छात्राहरको पढाइमा प्रेरणा दिनेमा बाबुले दिनेमा ५८.० प्रतिशत, आमाले दिनेमा २०.२ प्रतिशत, दाजुभाइले दिनेमा ११.४ प्रतिशत, दिदीबहिनीले दिनेमा १०.४ प्रतिशत रहेको पाइयो ।
- परिवारमा असमान अधिकारको अवस्थामा शिक्षामा भन्नेमा ९.५प्रतिशत, स्वतन्त्रतामा १९.० प्रतिशत प्रतिशत, घरको काममा ५९.० प्रतिशत, माथिका सबै १२.३ प्रतिशत पाइयो ।
- उत्तरदाताको समान पषको अधिकारमा ५ भन्ने ६१.९ प्रतिशत र छैन भन्नेमा ३८.० प्रतिशत रहेका छन् ।
- छनोटमा रहेका छात्राहरुको संकायमा उपस्थिति मानविकीमा ३६.१ प्रतिशत, विज्ञानमा ९.१प्रतिशत, व्यवस्थापन १७.० प्रतिशत, शिक्षामा ४०.० प्रतिशत रहेको पाइयो ।
- घर बाहिर जाँदा परिवारको पूर्व अनुमति लिनु पर्नेमा ५०.४ प्रतिशत, नलिनु पनेृमा १५.२ प्रतिशत, कामको प्रकृति हेरेर ३४.२ प्रतिशत रहेको देखियो ।
- पारिवारिक निर्णय प्रक्रियामा सहभागी हुनेमा ४०.० प्रतिशत, सहभागी नहुनेमा

११.४ प्रतिशत, आफुसँस सम्वन्ध्त भएमा ४८.५ प्रतिशत रहेको पाइयो ।

- परिवारमा निर्णय लिने अधिकारमा आमाको ६.७ प्रतिशत, बाबुको ३५.२ प्रतिशत, दुवैजनाको ३९.० प्रतिशत, परिवारको सबै सदस्यकोमा २०.० प्रतिशत रहेको पाइयो ।

- छात्राहरुले  सामान खरिद गर्न अभिभावकहरुको अनुमति लिनेमा ४५.७ प्रतिशत नलिनेमा १४.२ प्रतिशत, चाडपर्वमा मात्र भन्नेमा ४०.२ प्रतिशत रहेको पाइयो ।

- साथी ल्याएर राख्न पाउने व्यवस्थामा दिइन्छ भन्नेमा ६९.५ प्रतिशत, दिइदैन भन्नेमा ६.६ प्रतिशत, आकस्मिक परिस्थिति भन्नेमा २३.८ प्रतिशत रहेको पाइयो ।

- उत्तरदाताहरुको अध्ययनका क्रममा विषय छनौट सम्वन्धी विवरणमा आफैले भन्नेमा २४.७ प्रतिशत साथीको सहयोगमा १५.२ प्रतिशत, परिवारको सहयोगमा ५३.३ प्रतिशत र शिक्षकको सहयोग भन्नेमा ६.६ प्रतिशत रहेको पाइयो ।

- छात्राहरको शैक्षिक योग्यतालाई समाजका सदस्यहरुले हेर्ने दृष्टिकोणमा सम्मानजनक भन्नेमा ४८.५ प्रतिशत, आशावादमा ४४.७ प्रतिशत, अर्थहिनमा ७ प्रतिशत रहेको पाइयो ।

- छात्राहरको शैक्षिक संस्था भित्र हुने विभिन्न कार्यक्रममा सहभागितमा जस्तै वक्तित्वकलामा १६.१ प्रतिशत, हाजिरीजवाफमा २९.५ प्रतिशत, खेलकुदमा २२.८ प्रतिशत, नाचगानमा ३१.४ प्रतिशत रहेको पाइयो ।

- शिक्षण सिकाइ क्रियाकलापमा शिक्षकले छात्राहरुलाई हेर्ने दृष्टिकोणमा सम्मानजनक भन्नेमा ७९.० प्रतिशत, सामानय भन्नेमा २०.९ प्रतिशत, निरर्थक भन्ने सुन्य प्रतिशत रहेको पाइयो ।

- समाजिक गतिविधिमा छात्राहरको संलग्नतामा प्लस टु का छात्राहरु मधये छ भन्नेमा ११ जना, कहिलेकाँहि उपस्थिति हुनेमा २० जना, कहिले नहुनेमा ४ जना रहेको पाइयो ।

- त्यसैगरी स्नातक तहका छात्राहरुमा हरेक समय हुने १३ जना, कहिलेकाँहि भन्नेमा

१९ जना, कहिल्यै पनि छुटिन भन्नेमा ३ जना रहेको पाइयो । त्यसैगरी स्नातकोत्तरमा अध्ययनरत छात्रामा हरेक समय भन्नेमा १४ जना कहिलेकाँही भन्नेमा २१ जना रहेको पाइयो ।

- महिललाई शिक्षा र सम्पत्ति मध्ये केमा जोड दिनुपर्छ भन्नेमा शिक्षामा भन्नेमा ३९.० प्रतिशत, सम्पत्ति भन्नेमा ११.४ प्रतिशत, दुवैमा भन्नेमा ४९.५ प्रतिशत रहेको पाइयो ।

## ६.३ निष्कर्ष

यस अध्ययनमा अझै पनि समाजमा महिला र पुरुष बिच विभेद कायम रहिरहेको पाइएको छ । विभिन्न संस्थामा चाहे परिवारमा किन नहोस् । चाहे शैक्षिक संस्था भित्र किन नहोस् । कुनै न कुनै पक्षमा विभेद कायम नै छ । अध्ययनमा अझैपनि अभिभावकले छोरा र छोरीमा गर्ने विभेद कायम नै रहेको पाइयो । शिक्षा, स्वास्थय, स्वतन्त्रता, घरको कामकाजमा कुनै न कुनै रुपमा भेदभाव यथास्थितिमै रहेको पाइयो । घरबाहिर जाँदा परिवारको पूर्व अनुमति लिन पर्ने, अझै पनि महिलाले परिवारको पारिवारिक निर्णयलाई जरुरी नदिएको देखिएको छ । परिवारमा छोरीलाइ सामान खरिद गर्न साथै साथी ल्याएर घरमा राख्न पनि हिचकिचाउने रहेको पाइयो । परिवारको निर्णय लिने अधिकारमा पनि बाबुकै सर्वेसर्वा पाइयो । समाजका विधि कार्यक्रमहरुमा पनि छात्राहरुको सहभागितालाई कम प्राथमिकता राख्ने गरेको यस अध्ययनमा पाइएको छ ।

अध्ययन गर्ने संस्थामा विषय छनोट गर्दा पनि विभेद रहेका पाइयो । विषय छनौट स्वयम निर्णय नगरी परिवार, शिक्षक, साथीसँग सल्लाह लिई विषय छनौट गरेको पाइयो । प्राविधिक शिक्षा अध्ययन गर्ने इच्छा हुँदा हुँदै पनि घरको कामकाजमा व्यस्त रहनुपर्ने र पढाइमा समय दिन नपाउने कारणले इच्छा हुँदा हुँदै पनि परिवारको दबाबले इच्छानुसारको विषय नपढी अन्य विषय अध्ययन गरेको पाइयो ।

महिलाको शैक्षिक योग्यतालाई समाजले त्यति धेरै चासो नराखेको पाइयो भने विहे गर्न सजिलो होस् भन्ने उद्देश्यका लागि विषय नखुलाई प्लस छु, स्नातक स्नातकोत्तर भान्ने गरेको पाइयो ।

सामाजिक गतिविधिमा समेत महिलाको कम सहभागिता रहेको देखियो । अझैपनि समाजले महिलाको भन्दा पुरुषको शैक्षिक योग्यता प्रति विशेष ध्यान दिने गरेको यस अध्ययनमा देखिएको छ भने शैक्षिक संस्थाका कार्यक्रमहरुमा पनि कम सहभागिता पाइयो । कारण डर, मान्ने, लाज लाग्ने जस्ता कारणबाट खासै चासो नलिएको पाइयो । शिक्षण सिकाइ क्रियाकलापमा पनि आफुले नजानेका कुरा प्रष्टसँग शिक्षकसँग नसोध्ने, सोध्न अप्ठ्यारो लाग्ने पाइयो ।

# सन्दर्भ सूची

अर्याल, शिवहरी (२०६८), लैङ्गिक र महिलावादी अध्ययन, लुम्बिनी प्रकाशन प्रदर्शनी मार्ग नेपालको जनगणना तथ्याङ्क, (२०६८) ।

आचार्य, बलराम (२०६८), लैङ्गिक र महिलावाद अध्ययन, नेशनल बुक्स सेन्टर, भोटाहिटी काठमाण्डौ ।

आचार्य, बलराम (२०६१), लैङ्गिक अध्ययन, नेशनल बुक्स सेन्टर, काठमाण्डौं ।

आचार्य, बलराम (२०६८), लैङ्गिक र महिलावादी अध्ययन, काठमाण्डौँ, राज अफसेट प्रेस ।

आचार्य, बलराम (२०६२), सामाजिक विष्लेषणको सैद्धान्तिक ढाँचा, विद्यार्थी पुस्तक भण्डार, काठमाण्डौं ।

काफ्ले र साथीहरु (२०६१), शैक्षिक प्रशासन र सुपरिवेक्षण, विद्यार्थी पुस्तक भण्डार, काठमाण्डौ ।

तिर्थराज, अधिकारी, पराजुली, बालकृष्ण, नेपालमा प्राथमिक शिक्षा, काठमाण्डौः सनलाइट पब्लिकेशन ।

भासिन, कमला (१९९४), पितृसत्ता के हो, कालीफर उमन, नयाँ दिली ।

राई, उषाकला (२०६९), महिला शसक्तिकरणको सुरुवात, काठमाण्डौंः कान्तिपुर पत्रिका ।

रिटजर, जर्ज (१९९०), मोडन सोसोलोजिकल थेउरी, एम.सि.ग्रे, हिल कम्पनी, न्यू दिल्ली ।

सिंह, नागेश्वर (२०६५) शिक्षाको दर्शनशास्त्रीय समाजशास्त्रीय आधार, काठमाण्डौंः पैरबी प्रकाशन ।

शर्मा, गोपीनाथ, नेपालको इतिहास, भाग-२, काठमाण्डौः मकालु बुक्स एण्ड स्टेसनर्स ।

शैक्षिक अभियान (२०६५), प्रकाशक, नेपाल शिक्षक संघ, कास्की

Acharya, Balaram (2003), Gender Studies, a Sociological Analysis, Kathmandu.

Acharya, M. and L. Bennet (1982), Women and Subsistence Sector: Economic Participation and House World Decision.

Bhasin, K. (2004), Understanding Gender Kali for Women, New Delhi: Women Unlimited.

Ghimire, D. (1977), Women and Development, Kathmandu Center for Economic Development and Administration, Tribhuwan University.

O' Byrne, D.J. (2005), Human Right, An Introduction. Delhi Persons Education.

Sen, Amatya. (2001), Inequality, Lecture Given at Pad Cliff Institution at Harved University on April 24, 2001.

Shrees, S. (2012), Gender Based Discrimination in Education, A Case Study of Magar Community in Lamachaur VDC. Kaski: An Unpublished Thesis, Prithvi Narayan Campus.

# अनुसूची-१

## अन्तरवार्ता अनुसुची

नमस्कार, त्रि.वि.वि. पृथ्वीनारायण क्याम्पस, समाजशास्त्र, मानवशास्त्र विभागको स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपूर्तिको लागि गर्न खोजिएकोले यसका सूचनाहरु गोप्य राखिने छन् । कृपया सहि सुचना प्रदान गरी सहयोग गरिदिनुहोला ।

नारायणी अधिकारी

रोल नं.:

पोखरा उपत्यका भित्रका प्लस टु र क्याम्पसमा अध्ययनरत छात्राहरुको शैक्षिक, पारिवारिक संस्थामा लैङ्गिक विभेदको अनुभव

१. सामान्य विवरण

क) नाम, थर

ख) उमेर

ग) शैक्षिक योग्यता

घ) विवाहित/अविवाहित

ङ) शैक्षिक संस्थाको नाम

२. तपाई कस्तो परिवारको सदस्य हो ?

क) एकल परिवार

ख) संयुक्त परिवार

ग) वृहत परिवार

३. तपाईको परिवारमा कतिजना सदस्य हुनुहुन्छ ?

क) २-३ जना

ख) ४-६ जना

ग) ६ भन्दा माथि

४. तपाईको परिवारमा आम्दानीका स्रोतहरु के के हुन् ?

क) नोकरी ख) व्यवसाय

ग) कृषि उत्पादन घ) ज्याला मजदुरी

५. तपाईको बाबुको शैक्षिक योग्यता कति हो ?

उत्तरः ...........................................................................................................

६. तपाईको बाबुको पेशा के हो ?

क) सरकारी जागिर ख) कृषि व्यवसाय

ग) व्यापार घ) वैदेशिक रोजगार

७. तपाईको आमाको शैक्षिक योग्यता कति हो ?

क) साक्षर ख) निरक्षर

ग) स्नातक घ) स्नातकोत्तर

८. तपाईको आमाको पेशा के हो ?

क) सरकारी जागिर ख) कृषि व्यवसाय

ग) व्यापार घ) वैदेशिक रोजगार

ङ) अन्य

९. तपाईको परिवारमा पढ्नको लागि बढी कसले प्रेरणा दिन्छ ?

क) बुबा ख) आमा

ग) दिदीबहिनी घ) दाजुभाइ

१०. तपाईले दाजुभाइ र तपाइलाई केमा असमान व्यवहार गरे जस्तो लाग्छ ?

क) शिक्षा ख) स्वतन्त्रता

ग) घरको काम घ) माथिका सबै

११. तपाईले तपाई र तपाईको दाजुभाइलाई समान व्यवहार केमा गर्नुहुन्छ ?

.......................................................................................................

१२. तपाई कुन संकायमा अध्ययनरत हुनुहुन्छ ?

क) मानविकी ख) व्यवस्थापन

ग) विज्ञान घ) शिक्षा

ङ) अन्य

१३. घरको पारिवारिक निर्णय प्रक्रियामा तपाईलाई समावेश गराइन्छ ?

क) गरिन्छ ख) गरिदैन

ग) मसँग सम्वन्धित भए

१४. तपाई घर बाहिर जानु अघि परिवारको पूर्व अनुमति लिनुपर्छ कि पर्दैन ?

क) लिन्छु ख) लिइदिन

ग) कामको प्रकृति हेरेर

१५. तपाईको परिवारको पारिवारिक निर्णय प्रक्रियामा कसको बढी भूमिका हुन्छ ?

क) आमाको ख) बाबुको

ग) दुवैको घ) परिवारमा सबै जनाको

१६. तपाई पारिवारिक निर्णय प्रक्रियामा सहभागी हुनुहुन्छ या हुनुहुन्न ?

क) सहभागी हुन्छु ख) सहभागी हुँदिन

ग) कामको प्रकृति हेरेर

१७. तपाईको इच्छा अनुसारको सामान खरिद गर्न तपाईलाई नै रुपैया दिइन्छ ?

.......................................................................................................

१८. तपाइको घरमा केटा साथी ल्याएर राख्न पाउने व्यवस्था छ ?

क) छ
ख) छैन
ग) आकस्मिक परिस्थितिमा मात्र

१९. तपाईले अध्ययन गर्दा विषय छनोट कसरी गर्नुभयो ?

क) आफैले
ख) साथीको सहयोगमा
ग) परिवारको सहयोगमा
घ) शिक्षकको सहयोगमा

२०. तपाईको शैक्षिक योग्यताप्रति समाजको दृष्टिकोण कस्तो छ ?

क) सम्मानजनक
ख) आशावादी
ग) अर्थहिन

२१. अध्ययनका क्रममा शिक्षण संस्थामा हुने कार्यक्रममा सहभागी कति को हुन्छ ?

क) वक्तित्वकला
ख) हाजिरीजवाफ
ग) खेलकुद
घ) नाचगान

२२. शिक्षण सिकाई कृयाकलापमा शिक्षकहरुले छात्र र छात्रालाई गर्ने व्यवहार कस्तो छ ?

...........................................................................................................

२३. सामाजिक गतिविधिमा तपाईको संलग्नता छ ?

क) हरेक समय
ख) कहिलेकाँहि
ग) कहिलेकाँहि हुँदिन

२४. तपाईको बिचारमा महिललाई दिनुपर्ने महत्वपूर्ण पक्ष के हो जस्तो लाग्छ ?

.........................................................................................................